

# जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य कार्ययोजना २०७५

**(District Disaster Preparedness and Response Plans 2018)**



**योजना तयार पार्ने:**

**जिल्ला बिपद ब्यबस्थापन समिती**

**नुवाकोट २०७५**

प्रथम प्रकाशन मिति : २०६८ (२०११)

अद्यावधिक : २०७५ असार, (२०१८)

प्रकाशक : जिल्ला विपद् व्यवस्थापन समिति, नुवाकोट

फोन : ०१०-५६००३३

जिल्ला आपतकालिन कार्य संचालन केन्द्र : ०१० -५६१९३३

फ्याक्स : ०१० ५६००३३

सर्वाधिकार : जिल्ला प्रशासन कार्यालय, नुवाकोट

प्राविधिक सहयोग

नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखा, कार्डसन अक्सफाम

GIZ / Recovery Program Nepal

जिल्ला विपद् व्यवस्थापन समिति नुवाकोटको मिति २०७५/०५/१२ को बैठकबाट स्विकृत

नेपाल सरकार

# जिल्ला प्रशासन कार्यालय
## नुवाकोट

फोन: ०१०-५६००३३
०१०-५६०३३३
फ्याक्स -०१०५६०२५५
ईमेल: nuwakotcdo@gmail.com

पत्र संख्या : २०७५/७६
चलानी नम्बर : ५३०

मिति :- २०७५/०५/१२

## शुभ-कामना



जिल्लामा घट्न सक्ने प्राकृतिक विपत्तिका कारणबाट उत्पन्न हुने विपदलाई योजनाबद्द रुपमा कमि ल्याउन सहयोग पुग्ने गरी नेपाल सरकारको विद्यमान नीति, निर्देशिका, दिग्दर्शनका प्रावधानलाई मध्ये नजर गर्दै नगरपालिका, गाउँपालीका तथा सरोकारवाला पक्षसंगको अर्न्तक्रिया, छलफल, गोष्ठिबाट प्राप्त राय, सल्लाह, सुझावहरुलाई समेटी तयार गरिएको यस विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना, २०७५ ले नुवाकोट जिल्लाको विपदको स्थितिको स्पष्ट आँकलन गरेको छ । यस योजनाले जिल्लाको १२ वटै स्थानियताका विपद् सम्भाव्य क्षेत्रहरुको पहिचान, घटना घट्न नदिन अपनाउनु पर्ने सजगता, घट्न गएमा गर्नु पर्ने व्यवस्थापकीय कार्यमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्रस्तुत तयार गरिएको योजना नुवाकोट जिल्लाको विपद व्यवस्थापन कार्यका लागि उपयोग हुने र विपद् व्यवस्थाका क्षेत्रमा अध्ययन अनुसन्धान र खोजमा लागेका संघ संस्थाहरु र व्यक्तिहरु समेत लाभान्वित हुनेछन् भन्ने विश्वास लिएको छु । यो योजना तयार पार्न सहयोग गर्ने जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरु, स्थानिय विपद् विज्ञ ई. रामकृष्ण राजभण्डारी, जि.आई.जेड रिकोभरी प्रोगाम नुवाकोट, जिल्ला विपद् व्यवस्थापन समितिका सहयोगी अधिकृत गोवर्धन सुनार र अन्य सम्वद्ध सबैमा विशेष धन्यवाद सहित प्रकाशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

..............................
(उद्धव बहादुर थापा)
प्रमुख जिल्ला अधिकारी
एवं
अध्यक्ष जिल्ला विपद् व्यवस्थापन समिति नुवाकोट

प्रमुख जिल्ला अधिकारी

**Nepal Red Cross Society**
Nuwakot District chapter

Ref. No.



## शुभकामना

नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखाको स्थापना २०३४ सालमा भएको हो । यस शाखाले आफ्नो स्थापनाकालदेखि नै मानवीय सेवाका गतिविधिहरुलाई निरन्तर अगाडि बढाउँदै जिल्लामा विपद पुर्वतयारी तथा प्रतिकार्यका क्षेत्रमा महत्वपूर्ण गतिविधिहरु गर्दै आइरहेको छ

जिल्लाका संभावित जोखिमयुक्त क्षेत्रहरुको पहिचान गर्नका लागि जिल्ला विपद व्यवस्थापन समिति र नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखा बीचको सहकार्य एवं संयुक्त प्रयासबाट सम्पूर्ण स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायहरुसंग छलफल र अन्तर्कृया गरी प्राप्त तथ्याङ्गगत निचोडहरु समेटिएको यस विपद पुर्वतयारी तथा प्रतिकार्य योजना २०७५।०७६ जिल्लाको संभावित जोखिम न्युनिकरणका लागि कोशेढुङ्गा साबित हुने आशा लिएको छु ।

विपद पुर्वतयारी तथा प्रतिकार्य योजना २०७५।०७६ ले निर्दिष्ट गरेका संभावित जोखिम तथा विपद न्युनिकरणका लागि पुर्वतयारी र प्रतिकार्यका गतिबिधिहरुको सफल र प्रभावकारी कार्यान्वयमा सम्पूर्ण सरोकारवाला निकायहरुबाट सदैव सद्भाव प्राप्त हुनेछ भन्ने विश्वासका साथ यस योजनालाई तयारी तथा प्रकाशनमा सहयोग पुर्याउनु हुने सबैमा विशेष धन्यवाद सहित कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

सुरत बहादुर चित्रकार
सभापति

Bidur Municipality-4, Bidur, Nuwakot
Phone/Fax : +977-10560070, 560970, Website : www.nrcs.org, E-mail : nrcsnuwakot2034@gmail.com

## संक्षिप्त रुपहरु

| छोटो रुप | पूर्ण रुप |
|---|---|
| जि.वि.व्य.स. | : जिल्ला विपद् व्यबस्थापन समिति |
| जिसस | : जिल्ला समन्वय समिति |
| गां.पा | : गाउँपालिका |
| नपा | : नगरपालिका |
| प्रजिअ | : प्रमुख जिल्ला अधिकारी |
| प्रउ | : प्रहरी उपरिक्षक |
| प्रनाउ | : प्रहरी नायब उपरिक्षक |
| गैसस | : गैर सरकारी संस्था |
| सावउस | : सामुदायिक वन उपभोक्ता समूह |
| नेरेसो | : नेपाल रेडक्रस सोसाईटी |
| CCCM | : Camp Coordination & Camp Management |
| CSDA | : Cluster Specific Detailed Assessment |
| DAG | : Disaster Assessment Guideline |
| DEOC | : District Emergency Operation Center |
| DBMG | : Deadbody Management Guideline |
| DDMP | : District Disaster Management Plan |
| DPRP | : Disaster Preparedness & Response Plan |
| DLSA | : District Lead Support Agency |
| IRA | : Initial Rapid Assessment |
| LDCRP | : Local Disaster Community Resilience Plan |
| MIRA | : Multi Clusteral Initial Rapid Assessment |
| MoU | : Memorandom of Understanding |
| NDRF | : National Disaster Response Framework |
| NSDRM | : National Strategy for Disaster Risk Management |
| PDNA | : Post Disaster Need Assessment |
| RRT | : Rapid Response Team |
| SAR | : Search and Rescue |
| SAM | : Severe Acute Malnutrition |
| USAR | : Urban Search & Rescue |

## बिषय सुची


| | विषय | पेज नं. | | विषय | पेज नं. |
|---|---|---|---|---|---|
| | **खण्ड १** | | | ८ तारकेस्वर गाउंपालिका | १९ |
| | १ कार्यकारी शारांश | ७ | | ९ शिवपुरी गाउंपालिका | १९ |
| | २.जिल्लाको सामान्य जानकारी | ८ | | १० बेलकोटगढी नगरपालिका | १९ |
| | १.परिचय | ९ | | ११ मेघाङ गाउंपालिका | २० |
| | २ भौगोलिक अवस्थिति | ९ | | १२ किस्पाङ गाउंपालिका | २० |
| | ३ सिमाना | ९ | | | |
| | ४ हावापानी तथा जलवायु | ९ | | **खण्ड २** | |
| | ५ तापक्रम तथा वर्षा | १० | | पूर्व तयारी तथा प्रतिकार्य योजना | २१ |
| | ६ भौगोलिक बनावट | १० | | १ पृष्ठभुमी | २१ |
| | ७ राजनैतिक तथा प्रशासनिक विभाजन | १० | | २ योजनाको औचित्य | २२ |
| | ८ जनसांख्यिक विवरण | १० | | ३ उद्देश्य र कार्य क्षेत्र | २२ |
| | ९ प्रमुख पेशा | ११ | | ४ अवलम्बन गरिएका प्रक्रियाहरु | २३ |
| | १०. जिल्लाको भुउपयोग स्थिती विवरण | ११ | | ५ अवस्था विश्लेषण र समिक्षा | २३ |
| | ११ शैक्षिक स्थिति | १२ | | ६ समन्वयात्मक बैठक तथा परिचयात्मक कार्यशाला | २३ |
| | १२ जिल्लाको स्वास्थ्य अवस्था | १२ | | | |
| | १३ यातायात सम्बन्धी विवरण | १३ | | ७ क्षेत्रगत बैठकहरु | २४ |
| | १४ कृषि क्षेत्र | १४ | | ८ अन्तिम कार्यशाला | २४ |
| | १५ सिंचाई सम्बन्धि विवरण | १४ | | ९ विपदको पहिचान एवं अवस्था विश्लेषण | २४ |
| | १६ जिल्लाको विभिन्न स्थानको समन्द्रि सतहबाट उचाई | १५ | | १० प्रकोप प्राथमिकिकरण, संकटाभिमुखता | २५ |
| | | | | ११ पहिरोको कारणले हुने जोखिम विश्लेषण | २७ |
| | १७ विद्युत वैकल्पिक उर्जा सम्वन्धि विवरण- | १५ | | १२ जिल्लाको क्षमता विश्लेषण | २८ |
| | | | | १३ सेवा प्रदायक संस्थाहरु | ३१ |
| | १८ शान्ति सुरक्षा | १५ | | १४ स्रोत नक्साकंन-उपलब्ध स्रोतहरु | ३२ |
| | १९ प्राकुतिक स्रोत तथा वातावरण | १६ | | १५ कार्य क्षेत्रगत विभाजन र क्षेत्रगत अगुवा | ३२ |
| | २० मुख्य वनस्पतिहरु | १६ | | १६ प्रकोप प्रतिकार्यका लागि उपलब्ध स्रोतहरु तथा आवश्यकताको नक्साङ्कन | ३३ |
| | २१ जडिवुटिहरु | १६ | | | |
| | २२ प्रमुख टार तथा बेशी र फांटहरु | १६ | | १७ क्षेत्रगत अगुवाको नक्साकंन | ३६ |
| | २३ प्रमुख सांस्कुतिक चाड पर्व एंव मेलाहरु | १७ | | १८ कार्यक्षेत्र (क्षेत्रगत रुपमा) तथा प्रमुख गतिविधिहरु | ३७ |
| | २४ सामाजिक र विविध पक्ष | १७ | | | |
| | ३. नयां संरचना अनुसार नुवाकोट जिल्लाको भौगोलिक तथा जनसंख्या विवरण | १७ | | १९ प्रकोपको पूर्व तयारी कार्ययोजना २०७५ | ४१ |
| | | | | २० कार्यान्वयन र पूनरावलोकन रणनीति | ४२ |
| | १ दुप्चेस्वर गाउंपालिका | १८ | | | |
| | २ पंचकन्या गाउंपालिका | १८ | | | |
| | ३ तादी गाउंपालिका | १८ | | | |
| | ४ सुर्यगढी गाउंपालिका | १८ | | | |
| | ५ विदुर नगरपालिका | १८ | | | |
| | ६ ककनी गाउंपालिका | १९ | | | |
| | ७ लिखु गाउंपालिका | १९ | | | |

# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७५

## खण्ड १

**१.कार्यकारी साराश :**

नेपालमा विगतका दिनहरुमा विपद् व्यवस्थापन कार्य दैवि प्रकोप उद्धार ऐन २०३९ को आधारमा हुँदै आएकोमा हाल नयाँ ऐनका रुपमा सँसदबाट पारित भै मिति २०७४ कार्तिक ५ गते राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ कार्यान्वयनमा आएको छ । जसमा विपद् व्यवस्थापनका सबै क्रियाकलापहरुको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वासाधारण नागरिकहरुको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवम साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जो्खिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ ले व्यवस्था गरेको सन्दर्भ छ ।

प्रकोप र यसबाट उत्पन्न विपद्लाई भाग्यवादी चिन्तनबाट हेर्ने सामाजिक परम्पराका कारण विपद् जोखिम न्यूनीकरण नेपालमा प्रभावकारी रूपमा हुन सकिरहेको छैन । यस अवस्थालाई जनचेतनाको कमी, अन्धविश्वास र भौगोलिक विकटताले पनि साथ दिईरहेको छ । पछिल्लो समयमा विश्वव्यापी रूपमा बढ्दै गएको विपद्को जोखिम कम नगरिएसम्म सहस्राब्दी विकास लक्ष्य प्राप्त हुन नसक्ने देखिएका कारण पनि यसको व्यवस्थापनका विभिन्न पक्षमा काम गर्नुपर्नेमा विश्व जनमत एक रहेको छ । यस सन्दर्भमा विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणको पद्धतिलाई दैनिक व्यवहारमा नै अवलम्बन गर्ने परम्पराको विकास गर्न सघाउनु आजको आवश्यकता हो । नुवाकोट जिल्ला पनि विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपद्बाट उच्च प्रभावित जिल्ला मध्ये एक हो । यस जिल्लामा हरेक वर्ष विपद्का कारण बिशेष गरि पहिरो, बाढी र आगलागीबाट जनधनको अपूरणीय क्षति भइरहेको छ । विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि केन्द्र देखि स्थानीय तहसम्म संस्थागत संरचनामा सुधार गरी विपद्को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित संस्कृतिको विकासमा अगाडि बढ्न आवश्यक देखिन्छ तथापी नुवाकोट जिल्लामा १२ वटै स्थानिय तहहरुमा स्थानिय विपद् व्यवस्थापन समिति/स्थानिय विपद् जलवायू अनुकुलन समितिहरु (LDCRC) गठन भई नसकेको अवस्था छ भने प्रत्येक वडाहरुमा वडा स्तरिय विपद् जलवायू अनुकुलन समितिहरु गठन भई क्रियाशिल हुनु पर्नेमा सो हुने क्रममा रहेको छ । **नेपालको स्थानीय स्वायत्त शासन ऐन २०५३,** सरकारबाट स्वीकृत **विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६** र गृह मन्त्रालयबाट जारी भएको **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७** साथै हालसालै नेपाल सरकारको मिति २०७४ कात्तिक ०५ गतेको मन्त्री परिषदको बैठकको निर्णय अनुसार परिमार्जित **विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४** जस्ता दस्ताबेजहरुका मार्गदर्शन, वडा कार्यालरूबाट संकलित सूचनाको समेत आधारमा यस जिल्लाको 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७३ समय अनुरूप पुनरावलोकनसँगै आवश्यक परिमार्जन गरी यसको तेश्रो संशोधित योजना २०७५ जिल्लाको महत्वपूर्ण दस्ताबेजको रूपमा तयार गरिएको हो ।

जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी कार्यालयहरू, सुरक्षा निकायहरुबाट प्राप्त जानकारी र गाउँ पालिकाहरूबाट प्राप्त तथ्यांकका आधारमा भुकम्प सबैभन्दा बढी असर पुरयाउने प्रकोप हो भने त्यसपछि पहिरो, बाढी, जनावर आतंक, चटयांङ, आगलागी, हावाहुरी जस्ता प्रकोपहरुको सन्दर्भमा जिल्लाको संकटासन्नता स्तरीकरण गरिएको छ यसै आधारमा भविष्यमा प्रकोपबाट हुनसक्ने क्षतीको सुधार गर्दै जानु पर्ने देखिन्छ । स्थानीय तहमा संचालन गरिने कार्यक्रम योजनामा विपद् जोखिम न्यूनीकरणका लागि प्रमुख क्रियाकलापहरू कार्यान्वयन गर्नु पर्ने देखिन्छ । जिल्ला विपद व्यवस्थापन समितिबाट तयार गरिएको बर्षात पूर्व तयारी योजना (Mansoon Preparedness Plan- MPP), विगतमा तयार गरिएको जिल्ला विपद व्यवस्थापन तथा प्रतिकार्य योजनालाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरिएको छ । विपद् हुनुअघि र विपद्को समयमा गरिने कार्यका लागि समयावधि र बजेट समेत प्रक्षेपण गर्ने विषयलाई यसमा समायोजना गरिएको छ । २०७२ मा गएको माहाविनाशकारी भुकम्पले तहसनहस भएको यस जिल्लामा यस वर्ष परको अधिक बर्षाको कारणबाट हुनसक्ने पहिरोको घटनाले जुनसुकै अवस्थामा ठुलो विपदको सामना गर्नु पर्ने अवस्थामा जिल्लाबासीहरु बसिरहनु परेको छ यस्तो विषम परिस्थितिमा जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, जिल्लाका सरकारी निकाय, गैरसरकारी निकाय, नागरिक समाज, उद्योगी, व्यवसायी, पत्रकारहरु सबै

आआपनो क्षेत्रमा चनाखो भई सचेत रहनु पर्ने देखिन्छ । विपद पूर्वतयारी तथा प्रतिकार्य योजनामा आधारित पूर्व तयारी तथा विपद घटिहालेको अवस्थामा सुरक्षा निकाय र विपदमा तालिम लिएका स्वयंसेवकहरु लगायत अन्य जिम्मेवार निकायका पदाधिकारीहरु तयारी अवस्थामा रहनु पर्दछ ।

बर्षातमा नदी तटमा पानीको प्रवाह बढने, पहिरो आई नदी बन्द भएर बाढी आउन सक्ने अवस्थामा नदी तटका बस्तीमा पूर्व सूचना प्रणाली जडान र त्यसको कार्यान्वनको प्रमुख आवश्यकता रहने भएकोले त्यस्ता संवेदनशिल क्षेत्र पहिचान गरि प्रणाली जडान गर्नु पर्ने देखिन्छ ।

यस वर्ष देशको नयाँ संघिय सँरचना अनुसार विषयगत कार्यालयहरुलाई स्थानिय तहमा समायोजन गरेता पनि यस मनसुन अवधिसम्म कुनै न कुनै सन्दर्भबाट सहभागिता रहने सम्बन्धित निकायहरुलाई क्रियासिल बनाई क्षेत्रगत अवधारणामा कार्य गर्ने गरि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७५अद्यावधिक गरिएको छ ।

## २. जिल्लाको सामान्य जानकारी

नेपालको मानचित्रमा मध्यमाञ्चल विकास क्षेत्रको वागमती अञ्चल अन्तर्गत राजधानी काठमाडौंको उत्तर पश्चिम दिशामा अवस्थित नुवाकोट एक ऐतिहासिक पृष्ठभूमीले चिनिएको जिल्ला हो । नेपालका कुनै पनि अञ्चलको सिमाना तथा अन्तर्राष्ट्रिय सिमानालाई समेत नछुने र भौगोलिक विभाजन अनुसार पहाडी प्रदेशमा अवस्थित यो जिल्ला झण्डै अर्ध-चन्द्राकार रुपमा पूर्व-पश्चिम फैलिएर रहेको छ । यस जिल्लामा उच्च पहाडी क्षेत्रको पठार, हिमालको दक्षिणी ढाल, पहाडीक्षेत्रको विचमा यत्रतत्र छरिएर रहेका समथर बेंसी र टारहरु लगायतका विविध भौगोलिक विशेषताहरु पाउन सकिन्छ । भौगोलिक वनावटमा पहाडी भू-भागको अंश ७१ प्रतिशत, लेकाली भू-भागको अंश १८ प्रतिशत तथा टार, वेसी र समथर भू-भागको अंश ११ प्रतिशत रहेको छ । नुवाकोट नेपाल एकीकरणको इतिहाससँग सामरिक हिसाबले जोडिएको जिल्ला हो । कुल १,१२१ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको यस जिल्लाको सदरमुकाम बिदुर हो । यस जिल्लामा तादी र त्रिशुली नदीको संगम देविघाट र नुवाकोट ७ तले दरवार जस्ता ऐतिहासिक महत्वका ठाउँहरू समावेश छन् । प्रशिद्ध धार्मिक क्षेत्र गोसाईकुण्ड र मनोरम पर्यटकीय हिमाली भेग लाङटाङ क्षेत्र जाने प्रमुख पर्यटकीय मार्ग रहेको नुवाकोट जिल्ला मल्लकालीन समयमा पश्चिम नेपालको मूल ढोका, नेपाल भोट (तिब्बत) वाणिज्य व्यापारको परम्परागत मुलद्धार पनि रहेको थियो । नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्नु अघिसम्म “पश्चिम एक नम्वर” अन्तरगंत रहेको यस जिल्लाको नामाकरण गोपाल वंशिय शासनकालदेखि नवकोट, नवकोट्य, नवक्वाथ, नौकोटबाट अपभ्रंश हुँदै हालको नुवाकोट रहन गएको ऐतिहासिक अनुश्रुति रहेको छ । बेलकोट, मालाकोट, भैरुमकोट, धुवांकोट, कालिकाकोट, सल्यानकोट, सिमलकोट, धैवुङकोट र प्यासकोट जस्ता नौवटा कोटहरुको संगमभूमी भएकोले नुवाकोट नाम रहन गएको कुरा पनि उल्लेख छ ।




मल्लकालमा पश्चिम नेपालको प्रवेशद्धार मात्र होइन नेपालको तिब्बतसँग हुने व्यापारको प्रमुख मार्गको रुपमा समेत ख्याती प्राप्त यस जिल्लाको बेत्रावतीमा नेपाल-चिन युद्धपछि ऐतिहासिक “बेत्रावती सन्धि” भएको थियो । यस जिल्लासँग नेपाल

एकिकरणको आधार शिविर, श्री ५ बडामहाराजाधिराज पृथ्विनारायण शाहको कार्यकालमा वि.सं. १८०१ देखि १८२५ सम्मको राजधानी, गिर्वाणयुद्ध विक्रम शाहको शासन कालमा शीतकालिन राजधानी, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको समाधिस्थल, बहादुर शाहको जन्मभूमी, भृकुटीको घर-माईती गर्ने बाटो, तत्कालिन नौतले दरवार (वि.सं. १९९० सालको महाभू-कम्प पछि सात तले, प्रसिद्ध नुवाकोट भैरवी र जालपादेवीको मन्दिर आदि ऐतिहासिक तथा धार्मिक वैभव र सम्पदाहरु रहेका छन् । पृथ्वीनारायण शाहले काठमाण्डौ उपत्यका विजय गर्नु अघि निकै शक्तिशाली राज्यका रुपले चिनिएको नुवाकोट इतिहासका विद्यार्थीहरुको खुल्ला संग्रहालय हो । नुवाकोट दरबार परिसरमा धार्मिक हिसावले महत्वपूर्ण मानिने भैरवी मन्दिर र तलेजु मन्दिर छन् । स जिल्लामा भैरवी, जालपादेवी, दुप्चेश्वर महादेव, पञ्चकन्या, राम मन्दिर, उग्रतारा, उत्तरगया, सुगतपुर विहार, बाराही, वासुकी, वाघ भैरव, भैरवकोट, जलेश्वरी, शिवालय, बच्छलादेवी आदि प्रमुख धार्मिक स्थलहरु हुन । । नुवाकोट जिल्लाको आर्थिक मेरुदण्ड मूलतः कृषि नै हो । कृषि कार्य भित्र पनि पशुपालन, अन्नबाली, नगदेबाली, फलफूल खेती, माछापालन र कुखुरापालन उल्लेखनीय रहेका छन् । त्रिशुली, वट्टार, विदुर जिल्लाको प्रमुख ब्यापारिक केन्द्र हो भने यस अलावा ढिकुरे, छहरे, देविघाट, सामरी, देउराली, डावाचेत, चोगते, खरानीटार, आप्रह, सातविसे, समुन्द्रटार, ककनी, फेदीवेसी, चौघडा बेत्रावती स्थानीय व्यापार क्षेत्र हो । यसै गरी ककनी, किस्पाङ, मेघाङ, चिसापानी, शिवपुरी, नुवाकोट दरवार क्षेत्र, सागरकुण्ड, देविघाट, उत्तरगया, बोल्देहीताल, पञ्चकन्या सुरुङ आदि अन्य ख्याति प्राप्त पर्यटकीय क्षेत्रहरु हुन ।

# जिल्लाको संक्षिप्त विवरण

## १. परिचय

जिल्ला : नुवाकोट
जिल्ला सदरमुकाम : विदुर
अञ्चल : बागमती
प्रदेश : ३ नं.

## २. भौगोलिक अवस्थिती

क) आक्षांश : २७° ४५' उत्तर देखि २८° २०' उत्तर सम्म
ख) देशान्तर : ८५° पूर्व देखि ८५° ४५' पूर्व सम्म
ग) क्षेत्रफल : ११२१ वर्ग कि.मी.
घ) उचाई : समुन्द्र सतहबाट ४५७ मी. देखि ५१४४ मी. सम्म
ङ) आकार : अर्ध चन्द्राकार

## ३.सिमाना :

पूर्व : काठमाण्डौ, सिन्धुपाल्चोक
पश्चिम : धादिङ
उत्तर : रसुवा
दक्षिण : काठमाण्डौ, धादिङ

## ४. हावापानी तथा जलवायु

| हावापानी | हावाको बार्षिक औषत तापक्रम (डि.से.) | प्रतिशत |
|---|---|---|
| अल्पाईन र आर्कटिक | १०° देखी कम | ४.८ |
| ठण्डा शितोष्ण हावापानी | १०° – १५° | १३.८ |
| उष्ण अर्ध शीतोष्ण हावापानी | १५° – २०° | ५१.४ |
| समशितोष्ण हावापानी | २०° – ४०° | २८.७ |
| अन्य | | १.२ |

## ५. तापक्रम तथा वर्षा (बार्षिक)

न्यूनतम तापक्रम : १०.०२ मि.मि.
अधिकतम : १९.७५ मि.मि.
औषत वर्षा : १८४.६४ मि.मी.

## ६. भौगालिक बनावट :

(क) लेक (उच्च हिमाली) : २.२%
(ख) उच्च पहाड : ७१%
(ग) मध्य पहाडी बेसिटार : ११%

## ७.राजनैतिक तथा प्रशासनिक विभाजन

निर्वाचन क्षेत्र : २
प्रदेश निर्वाचन क्षेत्र : ४
गाउंपालिका : १०
नगरपालिका : २ (वडा संख्या १३ प्रत्येकमा )
जम्मा वडाहरु : ८८

## ८. जनसांख्यिक विवरण (२०६८)

क) जनसंख्या :

कूल जनसंख्या : २,७७,४७१
महिला : १,४४,६८४
पुरुष : १,३२,७८७
संस्थागत र विदेशिएका : १४३११
लैङ्गिग अनुपात : ०.९२
दशकको जनसांख्यिक परिवर्तन : –०.०४%
जम्मा घरधुरी संख्या : ५९२१५
जम्मा परिवार संख्या : ५९२१४
औसत परिवार संख्या : ४.६९
जनघनत्व : २४८ प्रति व.कि.मी.

वि स २०६८ सालमा सम्पन्न जनगणनाको अन्तिम नतिजा अनुसार यस जिल्लाको कुल जनसंख्या २,७७,४७१ रहेको छ भने जम्मा परिवार ५९,२१५ रहेको पाइन्छ । यस जिल्लाको जनसंख्या वृदिदर भने ऋणात्मक छ । वि स २०४८,२०५८ र २०६८को परिवार, जनसंख्या र जनसंख्या वृदिदरको तथ्यांकीय विवरण यस प्रकार छ ।

| विवरण | जनसंख्या | | |
|---|---|---|---|
| | २०४८ | २०५८ | २०६८ |
| नुवाकोट जम्मा | २४५२६० | २८८४७८ | २७७४७१ |
| महिला | १२२७२९ | १४५७४७ | १३२७८७ |
| पुरुष | १२२५३१ | १४२७३१ | १४४६८४ |
| घरपरिवार संख्या | ४५६५७ | ५३१६९ | ५९२१५ |
| जनसंख्या बृद्दिदर | | १.६ | - ०.३८ |

श्रोतः केन्द्रिय तथ्याङ्क विभाग, २०६८

**ख) जाती अनुसार**

- तामाङ : ४२.८%
- ब्राम्हण : १८.९%
- क्षेत्री : १२.६%
- नेवार : ७.४%
- राई : ३.६%
- अन्य : १४.७%

यसैगरि विक्रम सम्वत २०६८ सालमा सम्पन्न जनगणनाको अन्तिम नतिजा अनुसार प्रति वर्ग किलोमिटर क्षेत्रफलमा लगभग २४८ जना व्यक्तिहरुको घनत्व रहेको छ जहाँ शहरी जनघनत्व ८३५ र ग्रामिण जनघनत्व २२९ रहेको छ । त्यस्तै कुल ५९,२१५ परिवारहरुमा प्रति परिवार लगभग ५.७२ जना सदस्यहरु रहेको र १ जना मात्र सदस्य भएको परिवारसङ्ख्या ३,१०७ र सदस्य ९ भएको परिवार सङ्ख्या २,९६७ रहेको देखिन्छ । जातिगत आधारमा यस जिल्लामा ४२.८४ प्रतिशत तामाङ र दोश्रोमा बाहुन जातिको १८.९४ प्रतिशत रहेको छ । सवै भन्दा धेरै ५७.९५ प्रतिशत हिन्दु धर्म मान्ने र दोश्रोमा ४०.३६ वौद्ध धर्म मान्ने नागरिकहरु रहेको देखिन्छ भने ६० प्रतिशत भन्दा वढी जनसंख्याको हिस्सा हिन्दु धर्माबलम्बीहरु रहेका छन ।

**ग) भाषा अनुसार :**

- नेपाली : ५४.५%
- तामाङ : ३९.९ %
- नेवार : २.० %
- अन्य : ३.४ %

**९. प्रमुख पेशा :**

- कृषि : ७१.६९ %
- गैह्र कृषि : २८.३१ %

**१०. जिल्लाको भु उपयोग स्थिती विवरण :**

| सि.नं. | विवरण | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत |
|---|---|---|---|
| १ | **वन जंगलले ढाकेको क्षेत्र** | **३५९९४.९९** | **३२.१२** |
| १.१ | सामुदायिक वन | २४८४९.५१ | २२.१६ |
| १.२ | सरकारद्धारा व्यस्थित वन | ११११४५.४८ | ९.९४ |
| १.३ | धार्मिक वन | ६.०७६९ | ०.००५४ |
| २ | **घांस क्षेत्र** | **१२०४.००** | **१.०७** |
| ३ | **कृषि योग्य जमिन** | **६०३५६** | **५३.८३** |
| ३.१ | निजि वन | ७.८० | ०.००६९ |
| ३.२ | कृषि क्षेत्र | ६०३४८.२० | ५३.८३ |
| ४ | **अन्य** | **१४५४५.००** | **१२.९८** |
| | **जम्मा** | **११२०९९.९९** | **१००** |

*स्रोत: जिल्ला वन कार्यालय, नुवाकोट*

## ११. शैक्षिक स्थिती :

सामुदायिक र संस्थागत गरि कुल ८९९ बटा विद्यालयहरु र १४ वटा क्याम्पसहरु संचालन रहेको तथ्यांक छ । विद्यालयहरुमा सबै तहमा गरी कुल २६२८ शिक्षकहरु अध्यापनरत छन भने ६७५३६ जना विद्यार्थीहरु अध्ययनरत छन । पूर्व-प्राथमिकदेखि स्नातक तहसम्मको अध्यापन हुने शैक्षिक संस्थाहरु रहेको यस जिल्लाको समग्र साक्षारता दर ५९.८ छ जुन वि स २०५८ मा ५१.४ प्रतिशत थियो । पुरुष तथा महिलाको साक्षारता दर क्रमशः ६८ र ५२.४ प्रतिशत रहेको छ भने विद्यार्थी-शिक्षक अनुपात २८ (प्रत्येक २८ जना विद्यार्थी बराबर १ शिक्षक) जसमा प्राथमिकको २४, नि मा विको ४२ र मा वि को ३४ विद्यार्थी-शिक्षक अनुपात रहेको छ । गाँउपालिका तथा नगरपालिका अनुसारको महिला पुरुष साक्षरता सम्वन्धी विवरण यस प्रकार छ ।

| क्र.सं. | गाउंपालिकाको नाम | साक्षरता प्रतिशत | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | वेलकोटगढी नगरपालिका | 70.83 | 54.73 | 62.43 |
| २ | विदुर नगरपालिका | 79.93 | 62.29 | 70.52 |
| ३ | दुप्चेश्वर गाँउपालिका | 51.67 | 37.49 | 44.63 |
| ४ | ककनी गाँउपालिका | 69.20 | 51.83 | 60.46 |
| ५ | किस्पाङ गाँउपालिका | 64.09 | 49.99 | 56.54 |
| ६ | लिखु गाँउपालिका | 73.95 | 54.68 | 63.64 |
| ७ | मेघाङ गाँउपालिका | 61.73 | 47.79 | 54.02 |
| ८ | पञ्चकन्या गाँउपालिका | 68.92 | 53.56 | 60.94 |
| ९ | शिवपुरी गाँउपालिका | 65.81 | 51.88 | 58.38 |
| १० | सुर्यगढी गाँउपालिका | 62.56 | 46.92 | 54.53 |
| ११ | तादी गाँउपालिका | 56.68 | 42.44 | 49.55 |
| १२ | तारकेश्वर गाँउपालिका | 63.01 | 51.08 | 56.36 |

श्रोतः केन्द्रिय तथ्याङ्क विभाग

विद्यालय तथा शिक्षक विवरण

| शैक्षिक तह | विद्यालय संख्या | शिक्षक |
|---|---|---|
| पुर्व प्राथमिक | ४५६ | ४५४ |
| प्राथमिक | २७१ | १४८१ |
| निम्न माध्यमिक | ७१ | ३३६ |
| माध्यमिक | ६४ | २६१ |
| उच्च माध्यमिक | ४७ | ९६ |
| क्याम्पस | १४ | |
| नर्सिङ कलेज | १ संस्थागत | |

*श्रोतः जिल्ला शिक्षा कार्यालय नुवाकोट*

## १२. जिल्लाको स्वास्थ्य अवस्था :

| | | |
|---|---|---|
| जिल्ला अस्पताल | १ (५० शैया, | चिकित्सकः ३ जना) |
| प्रा.स्वा. केन्द्र | ३ (१२ शैया, | चिकित्सकः ३ जना) |
| हे.पो. | ६४ | |

| | |
|---|---|
| जिल्ला आयुर्वेद औषधालय | १ वटा |
| आयुर्वेद औषधालय | ८ वटा |
| निजी अस्पताल | ५ वटा |
| सहरी स्वास्थ्य केन्द्र | ९ वटा |
| गाउंघर क्लिनिक | १६२ वटा |
| खोप क्लिनिक | २२३ वटा |
| एम्बुलेन्स सेवा | ६ वटा |
| लायन्स दन्त अस्पताल | २ वटा |
| सामुदायिक आंखा केन्द्र | १ वटा |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, नुवाकोट*

**१३. यातायात सम्बन्धी विवरण :**

सडक पुगेका स्थानहरुको संख्या : १० गा.पा. र २ न.पा.

प्रमुख सडकहरु

| | | |
|---|---|---|
| ठूलोखोला–ककनी–पिपलटार–त्रिशुली (काठमाण्डौ त्रिशुली सडक) | : | ५५ कि.मी. |
| गल्छी - पिपलटार–त्रिशुली | : | २७ कि.मी. |
| त्रिशुली - धुन्चे | : | ४८ कि.मी. |
| गंगटे –लव्धु -समुन्द्रटार–गोल्फुभन्ज्याङ | : | ४३ कि.मी. |
| गुर्जे -छहरे–त्रिशुली (टोखा, छहरे त्रिशुली सडक) | : | ४७ कि.मी. |
| ककनी -लिंक सडक | : | ३ कि.मी |
| त्रिशुली सहरी सडक | : | १८ कि.मी. |
| नुवाकोट–वागेस्वरी–उर्लेनी | : | २३.५ कि.मी. |
| उर्लेनी–काल्चे–मालाभन्ज्याङ | : | ८.५ कि.मी. |
| मान्द्रेढुंगा–खडगभन्ज्याङ–गोर्स्याङ–दाङसिङ–काफलपानी | : | २४.५ कि.मी. |
| त्रिशुली–वेत्रावती | : | ९ कि.मी. |
| त्रिशुली–सोले | : | ९ कि.मी. |
| त्रिशुली–सामरी –भञ्याङभुरुङ | : | १७ कि.मी. |
| त्रिशुली–देउराली –मेघाङ | : | २५ कि.मी. |
| मेघाङ –किन्ताङ– थम्बुखोला | : | ८.५ कि.मी. |
| पाल्ले –दुईपीपल– कोल्पुटार | : | ३८ कि.मी. |
| लिखुखोला–कविलास–घलेभन्ज्याङ–थप्रेक–वेतिनी–गोल्फुभन्ज्याङ | : | ३५ कि.मी. |
| समुन्द्रटार–रामती–कुटुङखोला–घ्याङफेदी | : | १० कि.मी. |
| छहरे–शिवालय–तलाखु–पाटीभन्ज्याङ | : | २० कि.मी. |
| ओखरपौवा–चाउथे–कुमरी–कोल्पुटार | : | ५० कि.मी. |
| रानीपौवा–चतुराले–बेल्कोट–तादीपुल | : | १३ कि.मी. |
| गुर्जे–समुन्द्रादेवी–पुर्नीभन्ज्याङ मैदान छाप अल्छे | : | ११ कि.मी. |
| गणेशस्थान–नर्जामण्डप डाडाकोपाटो | : | २० कि.मी. |
| सोले–सातदोबाटो–भाल्चे–साल्मे | : | २३ कि.मी. |
| मुलथला–छत्रेखोला–बुधसिंग–तारुका | : | २० कि.मी. |
| आप्रह–राउटार–घलेभन्ज्याङ | : | १२ कि.मी. |

काउलेथाना–महेन्द्र मा.वि.– थान्सिङ फांट : १४ कि.मी.
सातविसे–बाघमारा– मालाभन्ज्यांङ : १३ कि.मी.

*(स्रोत : सडक डिभिजन कार्यालय, नुवाकोट :२०७३, जिल्ला प्राविधिक कार्यालय DTMP*

## १४ कृषि क्षेत्र :

कुल क्षेत्रफल : ११२१०० हे.
खेतीयोग्य भूमि : ४५२४२ हे.
खेती गरिएको भूमि : ४२२४२ हे. (३७.८%)
जिल्ला पशुसेवा कार्यालय : १ वटा
उपोष्ण प्रदेशिय बागवानी विकास केन्द्र : १ वटा
मत्स्य अनुसन्धान केन्द्र : १ वटा
कृष सामग्री कम्पनी लि., उपशाखा कार्यालय : १ वटा
कृषि विकास बैंक लि : १ वटा
भेडा फारम (पानसय खोला) : १ वटा

- धान/चामल, आलु र ताजा तरकारी निर्यातमा अग्रणी पहाडी जिल्ला।
- दक्षिणी भेग : तरकारी, ट्राउट माछा पालन र स्ट्रबेरी उत्पादन।
- मध्य तथा पश्चिम पकेट क्षेत्र : ताजा तरकारी, आलु, फलफूल, तथा खाद्यान उत्पादन।
- उत्तरी भेग : मौरी, रेशम तथा बेमौसमी ताजा तरकारी उत्पादनमा व्यवसाय उन्मुख।
- सिमान्तकुत बालीहरु बदाम, कोदो, तिल र तोरी उत्पादन विगतमा भएको हाल कमि आएको।
- स्थानिय प्याज तथा घिउसिमीको एक केन्द्र।
- तनेबोडी, घिउसिमी, हरियो मटरकोशा र मुलाको लागि प्रख्यात।
- नगदे बाली : चिया, अलैची, कफी, अदुवा, स्ट्रबेरी अदिको व्यावसायिक खेतिमा बिस्तार भईरहेको।

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, नुवाकोट*

## १५. सिचाई सम्बन्धि विवरण

जिल्लाको कूल जम्मा क्षेत्रफल १,१२,१०० हे.
वर्ष भरि सिंचित हुन क्षेत्रफल: ७८४५ हे. (१८.५७ %)
मौसमी सिंचित क्षेत्रफल: ८९३५ हे. (१९.८ %)
आकाशेबाट सिंचित हुने क्षेत्रफल: २८६०६ हे. (६३.२०%

क) कमोद गरेको जग्गा ४५,२४२, हे. (४०.३ %)

- खेत : १६,१४२ हे. (३५.६ %)
  अवल : २,१२२, हे.
  दोयम : ४,८११ हे.
  सिम : ८,६२४ हे.
  चाहार : २९७ हे.
- पाखो : २९,१०० हे. (६४.४ %)
  अवल : २,९२३, हे.
  दोयम : ७,७३८हे.
  सिम : १४,२२९ हे.

ख) चरन ४०,५१६ हे. (३६.२%)

ग) वन ७,५२२ हे (६.७ %)
घ) नदीनाला २,८७० हे. (२.६%)
ङ) बाँकी १५,९५० हे. (१४.२ %)

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, नुवाकोट*

## १६ जिल्लाको विभिन्न स्थानको समुन्द्री सतहबाट उचाई

| क.सं. | स्थान (गा.बि.स.) | समुन्द्रिक सतहको देखी उचाई (मि.) |
|---|---|---|
| १ | बिदूर न.पा. वडा नं.२ नुवाकोट बजार | ९७० |
| २ | ककनी गा.बि.स.को रानीपौवा | १८२८ |
| ३ | बुङताङ गा.बि.स. भवन | २१२४ |
| ४ | भाल्चे गा.बि.स. डुम्बाङ्ग | २१३३ |
| ५ | शिवपुरी | २५०० |
| ६ | बट्टार बजार | ५२६ |
| ७ | तीनचुली | ५१४४ |
| ८ | दक्षिणको त्रिशुली नदी किनार | ४५७ |

*स्रोत : तथ्यांक विभाग*

## १७ विद्युत/वैकल्पिक उर्जा सम्बन्धी विवरण

- विद्युत गुह संख्या : २ वटा
- त्रिशुली विद्युत गुह क्षमता : २१.१ मे.वा.
- देविघाट विद्युत गुह क्षमता : १४.१ मे.वा.
- सेवा पुगेका गा.वि.स. संख्या : ६१ वटा
- लघु जलविद्युत संख्या : २६ प्लान्ट क्षमता : १७७.५ वाट
- सुधारिएको घट्ट संख्या : ९०० वटा
- वितरित सौर्य टुकि संख्या : ११०१
- गोवरग्यास प्रयोग गर्ने घरधुरी : २१७१
- सुधारिएको चुल्हो प्रयोग गर्ने घरधुरी : १५५५५

*स्रोत : जिल्ला विकास समिति नुवाकोट*

## १८ शान्ति सुरक्षा

जिल्ला प्रहरी कार्यालय : १
इलाका प्रहरी कार्यालय : ३
प्रहरी चौकी : १३
कारागार : १

अस्थायी प्रहरी पोष्ट : ७
जिल्ला ट्राफिक कार्यालय : १
शैन्य तालिम केन्द्र : १
श्री नाथ गण : १
शसस्त्र प्रहरी तालिम केन्द्र : १ ककनी
दमकल संख्या : १ (विदुर न.पा.)
नगर प्रहरी संख्या : ५

*स्रोत : जिल्ला प्रहरी कार्यालय, नुवाकोट*

**१९ प्राकृतिक श्रोत तथा वातावरण**

कूल जंगल (वन तथा झाडी) : ६६,४४२ हेक्टर

| क्र.सं. | वनको किसिम | क्षेत्रफल हे. | प्रतिशत |
|---|---|---|---|
| १ | कूल वन जंगल | ३५९९५ | |
| २ | सामुदायिक वन | २४८५० | |
| ३ | राष्ट्रिय वन | १११४५.४८ | |
| ४ | धार्मिक वन | ६.०७६ | |
| ५ | निजी वन | ७.८० | |
| ६ | घांस क्षेत्र | १२०४ | |
| ७ | कृषि योग्य जमिन | ६०३५६ | |
| ८ | कृषि क्षेत्र | ६०३४८ | |
| ९ | अन्य | १४५४५ | |
| | जम्मा | ११२१०० | |

*स्रोत : जिल्ला वन कार्यालय, नुवाकोट*

**२० मुख्य वनस्पतिहरु** : साल, चिलाउने, कटुस, सल्ला (खोटे, गोब्रे, धुपी), चाँप, ओखर, उत्तिस, जामुन, क्यामुन आदी
**२१ जडिबुटीहरु** : चिराइतो, निरमसी, मजिठो, पाषाणवेद, अमला, कुरिलो, लौठसल्ला, पाखनवेद, पदमचाल, टिमुर आदी ।

२२. प्रमुख टार तथा वेसी र फाटहरु

उत्पादनको दृष्टिकोणले अत्यन्त उर्वर टार तथा वेसी र फाँटहरुले जिल्लाको खाद्यान्न आपूर्तिमा उल्लेखनिय योगदान पुर्याएका छन् । होचो भू-भागमा अवस्थित बट्टार, पिपलटार, माझिटार, गेर्खुटार, वागटार, खरानिटार, समुन्द्रटार, आँगुटार, कोल्पुटार, रातमाटेटार, काशीटार, तारुकाटार, दर्शनटार, मैरेटार, शहरेटार, ताप्केटार, रिट्ठेटार आदि टारहरु र थानसिङफाँट, लिखुफाँट, शेराफाँट, महादेवफाँट, सिमराफाँट, रैकरफाँट, सामरीफांट, चाउथेफाँट, फिर्केफाँट आदि यस जिल्लाका प्रमुख वेसी र फाँटहरु हुन् ।

## २३. प्रमुख सांस्कृतिक चाडपर्व एवं मेलाहरु

जातिगत र साँस्कृतिक विविधता रहेको यस जिल्लाका वासिन्दाहरुले मनाउने प्रमुख चाडपर्व र मेलाहरुमा पनि विविधता पाउन सकिन्छ । विजया दशमी, दिपावली, ल्होछार, रामनवमी, माघे सक्रान्ती, साउने सक्रान्ती, तिज, जनैपूर्णिमा, कृष्ण जन्माष्टमी, बुद्धपूर्णिमा, ईद आदि प्रमुख चाडपर्वहरु र सिन्दुरेजात्रा, देवीयात्रा, लाखेनाच, गाईजात्रा, बैशाख पूर्णिमा यात्रा, एकादशी यात्रा, विवाह पञ्चमी (त्रिशुली, देविघाट, नुवाकोट), माघे संक्रान्ती जात्रा (साँढे जुधाउने), दुप्चेश्वर मेला आदि जात्रा तथा मेलाहरुले जिल्लाको सांस्कृतिक जिवन्तता प्रदान गरेको छ ।

## २४. सामाजिक र विविध पक्ष

कुनै स्थान विषेशको कुनै समयको परिवार र जनसंख्या, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, आवास आदि अवयवहरुको स्तरले सो स्थानको तत्कालिन सामाजिक स्थितीको विम्व प्रश्तुत गर्दछ । यी यावत अवयवहरुसँग सम्वन्धित उपलव्ध सूचकहरुको आधारमा अधिराज्यका अन्य जिल्लाहरुसँग तुलना गर्दा नुवाकोट जिल्लाको सामाजिक वस्तुस्थिति मध्यम खालको पाउँन सकिन्छ ।

## नयां संरचना अनुसार नुवाकोट जिल्लाको भौगोलिक तथा जनसंख्या विवरण

गणतान्त्रिक मुलुक नेपालमा परिवर्तित संघिय शासन व्यवस्था अनुसार यस नुवाकोट जिल्ला प्रदेश नं. ३ मा परेको छ भने विगत व्यवस्थामा ६१ गाउं विकास समितिमा विभाजित रहेकोमा हाल १२ बटा गाउं तथा गरपालिकामा विभाजित रहेको छ । नयां गाउं/ नगरपालिकाहरुको तथ्यांक विवरण तल छुट्टाछुट्टै व्याख्या गरिएको छ ।




| न.पा./ गा.पा. | जनसंख्या |
|---|---|
| बेलकोटगढी न.पा. | ३९८८८ |
| विदुर न.पा. | ५४३५१ |
| दुप्चेस्वर गा.पा. | २२१०६ |
| ककनी गा.पा. | २७०७३ |
| किस्पाङ गा.पा. | १४८६१ |
| लिखु गा.पा. | १६८५२ |
| मेघाङ गा.पा. | १३४७९ |
| पन्चकन्या गा.पा. | १५९४५ |
| शिवपुरी गा.पा. | २०७६९ |
| सुर्यगढी गा.पा. | १६८०० |
| तादी गा.पा. | १७९३२ |
| तारकेस्वर गा.पा. | १५७१९ |
| जम्मा | २७५७७७ |




१ गाउँपालिकाको नाम : दुप्चेश्वर गाउँपालिका
सामावेश भएका साविक गा.वि.स. र न.पा.हरु : घ्याङ्फेदी, राउतबेंशी, समुन्द्रटार, बेतिनी, गाउँखर्क, शिखरबेंशी र बालकुमारी गा.वि.स.
जनसंख्या : २२१०६
क्षेत्रफल : १३१.६२ वर्ग कि.मि.
प्रस्तावित केन्द्र : साविक समुन्द्रटार गाविसको कार्यालय
वडा संख्या : ७
सीमाना : पूर्वः सिन्धुपाल्चोक जिल्ला, पश्चिमःतादी र पञ्चकन्या गा.पा. र रसुवा जिल्ला, उत्तरः रसुवा, सिन्धुपाल्चोक जिल्ला दक्षिणः शिवपुरी गा.पा.

२ गाउँपालिकाको नाम : पञ्चकन्या गाउँपालिका
सामावेश भएका साविक गा.वि.स.हरु : कविलास, पञ्चकन्या, चौघडा (३,४,९), थप्रेक, भद्रुटार गा.वि.स.
जनसंख्या : १५९४५ क्षेत्रफल : ५३.४७ वर्ग कि.मि.
प्रस्तावित केन्द्र : साविक भद्रुटार गा.वि.स. कार्यालय वडा संख्याः ५
सीमाना : पूर्वः दुप्चेश्वर र शिवपुरी गा.पा., पश्चिम : सूर्यगढी र लिखु गा.पा. उत्तरः तादी गा.पा., दक्षिणः शिवपुरी र लिखु गा.पा.




३ गाउँपालिकाको नाम : तादी गाउँपालिका
सामावेश भएका साविक गा.वि.स. र न.पा.हरु : खरानीटार, रालुकादेवी, उर्लेनी, सुन्दरादेवी र नर्जामण्डप गा.वि.स.
जनसंख्या : १७९३२ क्षेत्रफल : ६९.८० वर्ग कि.मि.
प्रस्तावित केन्द्र : साविकको खरानीटार गा.वि.स.को कार्यालय
वडा संख्याः ६
सीमाना : पूर्वः दुप्चेश्वर गा.पा., पश्चिमः सूर्यगढी गा.पा., उत्तरः रसुवा, दक्षिणः पञ्चकन्या गा.पा.

४ गाउँपालिकाको नामः सुर्यगढी गाउँपालिका
सामावेश भएका साविक गाविसहरु : लच्याङ, बागेश्वरी, हल्देकालिका, र गणेशस्थान गा.वि.स.
जनसंख्या : १६८०० क्षेत्रफल : ४९.०९ वर्ग कि.मि.
प्रस्तावित केन्द्र : साविक बागेश्वरी गा.वि.स.को कार्यालय वडा संख्या : ५
सीमाना : पूर्वः तादी र पञ्चकन्या गा.पा., पश्चिमः विदुर न.पा., उत्तरः रसुवा जिल्ला, दक्षिणः लिखु गा.पा.

**५ नगरपालिकाको नाम : विदुर नगरपालिका**
सामावेश भएका साविक गा.वि.स. र न.पा.हरु : विदुर न.पा., चारघरे, तुप्चे, गेर्खु, कल्याणपुर र खड्कभञ्ज्याङ्ग (४(९)
जनसंख्या : ५४३५१ क्षेत्रफल : १३०.०१ वर्ग कि.मि.
प्रस्तावित केन्द्र : साविक विदुर न.पा.को कार्यालय
वडा संख्या : १३
सीमाना : पूर्वः सुर्यगढी र लिखु गा.पा.,
पश्चिमः मेघाङ र तारकेस्वर गा.पा.
उत्तरः किस्पाङ गा.पा. र रसुवा जिल्ला,
दक्षिणः बेल्कोटगढी न.पा.



६ गाउँपालिकाको नाम : ककनी गाउँपालिका

सामावेश भएका साविक गा.वि.स. र न.पा.हरु : ककनी, ओखरपौवा, चाउथे, चतुराले, थानसिङ (८,९)मदानपुर (७,८) गा.वि.स.

जनसंख्या : २७०७३ क्षेत्रफल : ८७.९७ वर्ग कि.मि.

प्रस्तावित केन्द्र : साविक ककनी गा.वि.स.को कार्यालय

वडा संख्या : ८

पूर्व : शिवपुरी गा.पा. र काठमाण्डौ जिल्ला, पश्चिमः बेलकोटगढी नपा, उत्तरः लिखु गा.पा. दक्षिणः काठमाण्डौं र धादिङ्ग जिल्ला




७ गाउँपालिकाको नाम : लिखु गाउँपालिका

सामावेश भएका साविक गा.वि.स. र न.पा.हरु : सूर्यमति, थानसिङ(१(७), खानिगाँउ, चौघडा (१,२,५,६,७,८) र थानपती (५) गा.वि.स.

जनसंख्या : १६८५२ क्षेत्रफल : ४७.८८ वर्ग कि.मि.

प्रस्तावित केन्द्र : साविक सुर्यमति गा.वि.स. को कार्यालय वडा संख्या : ६

सीमाना : पूर्व : पञ्चकन्या, शिवपुरी गा.पा., पश्चिम : विदुर न.पा. र बेलकोटगढी न.पा, उत्तर : विदुर न.पा. र सूर्यगढी गा.पा., दक्षिणः बेलकोटगढी न.पा, ककनी गा.पा

८ गाउँ पालिकाको नाम : तारकेश्वर गाउँपालिका

सामावेश भएका साविक गा.वि.स. र न.पा.हरु : गोर्स्याङ्ग, बुधुसिङ्ग, तारुका, दाङसिङ्ग र खड्कभञ्ज्याङ्ग (१,२,३) गा.वि.स.

जनसंख्या : १५७१९ क्षेत्रफल : ७२.६२ वर्ग कि.मि.

प्रस्तावित केन्द्र : साविकको दाङसिङ्गगा.वि.स.को कार्यालय

वडा संख्या : ६

सीमाना : पूर्वः विदुर न.पा., पश्चिमःधादिङ जिल्ला, उत्तरः विदुरन.पा. र मेघाङ्ग गा.पा., दक्षिणः बेलकोटगढी न.पा. र धादिङ जिल्ला




९ गाउँपालिकाको नाम : शिवपुरी गाउँपालिका

सामावेश भएका साविकगाविसहरु : छाप, लिखु, महाकाली, तलाखु, सिक्रे, समुन्द्रादेवी, सुनखानी र थानपति(१(४,६(९)गा.वि.स.

जनसंख्या : २०७६९ क्षेत्रफल : १०१.५ वर्ग कि.मि.

प्रस्तावित केन्द्र : साविक माहाकाली गा.वि.स.को कार्यालय वडा संख्या : ८

सीमाना : पूर्वः सिन्धुपाल्चोक जिल्ला, पश्चिमःपञ्चकन्या, लिखू र ककनी गा.पा.,उत्तरः पञ्चकन्या र दुप्चेश्वर गा.पा., दक्षिण :काठमाण्डौ जिल्ला

१० नगरपालिकाको नाम : बेलकोट गढी नगरपालिका

सामावेश भएका साविक गा.वि.स.र न.पा.हरु : दुईपिपल, रातामाटे, कुमरी, बेलकोट, जिलिङ्ग, मदानपुर गा.वि.स.

जनसंख्या : ३९८८८ क्षेत्रफल : १५५.६ वर्ग कि.मि.

प्रस्तावित केन्द्र : साविक जिलिङ्ग गा.वि.स. को कार्यालय

वडा संख्या : १३

सिमाना : पूर्वः ककनी गा.पा, उत्तर : विदुर न.पा.,लिखु गा.पा. र तारकेश्वर गा.पा., दक्षिणः धादिङ्ग जिल्ला



११ गाउँपालिकाको नाम : मेघाङ गाउंपालिका

सामावेश भएका साविक गा.वि.स.र न.पा.हरु : बर्सुन्चेत, किम्ताङ, देउराली, बुङताङ्ग र सामरी गा.वि.स.

जनसंख्या : १३४७९ क्षेत्रफल : ९७.८३ वर्ग कि.मि.

प्रस्तावित केन्द्र : साविक देउराली गा.वि.स. कार्यालय

वडा संख्या : ६

सीमाना : पूर्वः विदुर न.पा. र किस्पाङ्ग गा.पा., पश्चिमः धादिङ्ग जिल्ला,उत्तरः धादिङ्ग जिल्ला, दक्षिणः विदुर न.पा. र तारकेश्वरगा.पा.




१२ गाउँपालिकाको नाम : किस्पाङ गाउपालिका

सामावेश भएका साविक गा.वि.स. र न.पा.हरु : साल्मे, भाल्चे, काउले, फिकुरी र मनकामना गा.वि.स.

जनसंख्या : १४८६१ क्षेत्रफल : ८२.५७ वर्ग कि.मि.

प्रस्तावित केन्द्र : साविकको काउले गा.वि.स.को कार्यालय

वडा संख्या : ५

सीमाना : पूर्वः रसुवा जिल्ला, पश्चिमः मेघाङ्ग गा.पा., उत्तरः रसुवा र धादिङ्ग जिल्ला, दक्षिणः विदुर न.पा र मेघाङ्ग गा.पा.



# खण्ड २

## पूर्वतयारी तथा प्रतिकार्य योजना

१) पुष्ठभूमिः

नेपाल प्राकृतिक तथा गैर प्राकृतिक (मानव श्रृजित) प्रकोपहरुको जोखिममा रहेको तथ्यांक विभिन्न अनुसन्धानबाट प्राप्त भएको छ । यसमा मुख्य गरी भुकम्प, बाढी, पहिरो, जनावर आतंक, सडक दुर्घटना जस्ता प्रकोप रहेका छन । प्राकृतिक तथा मानव श्रृजित जोखिम हरुले जुनसुकै अवस्थामा प्रकोप तथा विपद हुन सक्ने खतरा हुनाले यस्ता जोखिमहरुलाई निर्क्यौल गरी यस सम्बन्धि एकिकुत, समावेशी र समय सापेक्षित विपद् व्यवस्थापन नीति तथा कार्यान्वयन वर्तमान समयमा अपरिहार्य देखिन्छ ।

संयुक्त राष्ट्र संघले निर्दिष्ट गरेको दिगो विकासको लक्ष्यले तय गरे अनुसारका सामाजिक, आर्थिक राजनीतिक र सांस्कृतिक विकासलाई अवरोध गर्न सक्ने सबै प्रकारका विपद्लाई व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ । १ सय ८७ देशहरुको सहभागितामा संयुक्त राष्ट्र संघले सन् २०१५ मा जारी गरेको विश्वव्यापी विप्द जोखिम न्यूनिकरणका लागि सेन्डाई अवधारणापत्र २०१५-२०३० (Sendai Framework for Disaster Risk Reduction, 2015-2030) का अनुसार प्राकृतिक वा मानव सिर्जित प्रकोपहरूका साथै वातावरणीय, प्रविधिजन्य र जैविक प्रकोप तथा जोखिमबाट सिर्जित साना तथा ठूला स्तरका, तारनतार तथा आकल- झुकल, अचानक तथा बिस्तारै हुने, सबै प्रकारका विपद् जोखिमलाई सम्बोधन गर्नेछ । यसले सबै तहमा गरिने सबै क्षेत्रका विकासका अन्तर्निहित एवं परस्पर अन्तर्सम्बन्धित विपद् जोखिमको बहुप्रकोप व्यवस्थापनमा मार्गदर्शन गर्ने उद्देश्य राख्दछ । (श्रोत UNISDR)

विश्वव्यापी रुपमा विभिन्न प्रकोपहरुबाट विपद घटनाहरु वृद्धि भई धेरै जनधनको क्षति भैरहेको र विपद व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी कार्यहरु भैरहेको सर्न्दभमा नेपालले पनि प्राकृतिक तथा मानवजन्य प्रकोपहरुको प्रभावहरुलाई न्युनिकरण गर्ने उद्देश्यलाई प्राथमिकतामा राखेको छ । कमजोर भौगोलिक बनावट, मौसमी घटनाहरु, तीब्र जनसंख्या बुद्धि, अव्यवस्थित बसाई तथा बिकास गतिविधिहरुका कारणले नेपाल प्राकुतिक प्रकोपहरुको उच्च जोखिममा रहेको छ । यस किसिमको विषम परिस्थितिमा सम्भावित विपदको ब्यवस्थापन गरी क्षती न्यूनीकरणको लागी जिल्लाका विभिन्न तह देखि समुदाय स्तरसम्म प्रयासहरु हुनु जरुरी छ । विगतका अनुभवहरु तथा विपद ब्यवस्थापनको क्षेत्रमा विकसित नीति र अवधारणाहरुको आधारमा विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको महत्व तथा आवश्यकता अपरिहार्य भएको कुरा महसुस गरिएको छ । मानवीय दुर्घटनाहरुमा कमी ल्याउने र प्राकृतिक प्रकोपका असर न्यूनिकरण गर्ने विभिन्न गतिविधिहरु मध्ये विपद पूर्वतयारी एउटा महत्वपुर्ण गतिविधि हो । यस सर्न्दभमा नेपाल सरकार, संयुक्त राष्ट्र संघका एजेन्सीहरु, राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी सघं संस्थाहरु तथा रेडक्रस अभियानले विगत बर्ष देखि देशका सम्पुर्ण जिल्लामा आपतकालीन योजना सहित विपद पूर्वतयारी योजना निर्माणका लागि आपसमा समन्वय गर्दै आएका छन् । यसै सन्दर्भमा नुवाकोट जिल्लाको विपद पुर्व तयार तथा प्रतिकार्य योजना अद्यावधिक गर्न जिल्ला प्रशासन कार्यालय, जिल्ला विपद व्यवस्थापन समिति को नेतृत्वमा जिल्ला समन्वय समिति नुवाकोट, सबै स्थानीय तहहरु, नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखा, DLSA (OXFAM)/ CARDSN र GIZ/RPN Nuwakot ले समन्वय र सहयोगी भूमिका निर्बाह गरेको छ ।

नुवाकोट जिल्लाका अधिकांस क्षेत्रहरु वि.सं. २०७२ को महाभुकम्पबाट अत्यन्तै प्रभावित भएको छ भने जिल्लाको भौगोलिक विविधताको कारणले पहिरोको अत्यन्त जोखिम रहेको छ । बर्षायाममा यहाँका समुदायहरुले पहिरोबाट जनधन क्षतिको सामना गरिरहेका छन । बिगत पांच बर्षको तथ्याकंलाई हेर्दा नुवाकोट जिल्ला पहिरोको जोखिमबाट मुक्त नरहेको पाउछौं । विगत बर्षको अध्ययन विश्लेषण गर्दा यस बर्ष पहिरोको कारण करिव ४५० घर परिवारहरु प्रत्यक्ष प्रभावित हुने अनुमान गरिएको छ । त्यसैले सोही बमोजिम ४५० घरधुरीलाई तत्काल उद्दार गर्ने गरि प्रतिकार्य योजना तयार गरिएको छ । पहिरोको कारणबाट अन्य भौतिक पूर्वाधार सडक, खानेपानी, सिंचाई लगायत वन वातावरणलाई नै नकारात्मक असर पार्दछ । खानेपानीको श्रोतमा पुग्न जाने मिसावट र कमजोर सरसफाईको अवस्था र शौचालयको उचित प्रयोगको अभावमा केही स्थानमा झाडापखाला लगायत महामारीको समेत आंकलन गर्न सकिन्छ ।

नेपाल सरकारबाट स्वीकृत **विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६** र गृह मन्त्रालयबाट जारी भएको **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७,** हालसालै नेपाल सरकारको मिति २०७४ कात्तिक ०५ गतेको मन्त्री परिषदको बैठकको निर्णय अनुसार परिमार्जित **विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४** जस्ता दस्ताबेजहरुका मार्गदर्शनमा आधारित भएर जिल्ला विपद व्यवस्थापन समिति नुवकोटले GIZ/RPN को सहयोगमा १२ वटै स्थानीय तहका निर्वाचित पदाधिकारीहरुलाई चैत्र २६ र २७ गते जिल्लास्तरीय अभिमुखिकरण कार्य सम्पन्न गरियो । सो अवसरमा जिल्ला बिपद् व्यबस्थापन समिती र जिल्ला समन्वय समिती को अगुवाईमा ११ बुंदे विपद् न्युनिकरण विषयक प्रतिबद्धतामा हस्ताक्षर गरिएको छ। प्रतिबद्धता पत्र तल अनुसुची १ मा राखिएको छ।

२. योजनाको औचित्य :

विपद्बाट प्रभावित समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जतिसक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सकिन्छ। विपद् व्यवस्थापनका ३ वटा चरणहरु हुन्छन्। पहिलो चरण विपद् अघि गरिने व्यवस्थापन पूर्वतयारी र क्षति न्यूनीकरणका कार्यहरू पर्दछन् दोस्रो चरण विपद् भैरहको बेलामा खोज उद्धार तथा आपतकालिन आवास र राहत भने तेश्रो चरणमा विपद् पछिको उद्धार तथा राहत, पुनर्स्थापना र पुनर्निमाणका गतिविधिहरू । राहत प्रतिकार्यमा गरिने लगानी र प्रतिफलभन्दा विपद्पूर्व न्यूनीकरण र पूर्वतयारीका गतिविधिहरु संचालन गर्न सकिएमा विपद्पश्चात हुने असर ६ गुणाले कम हुन्छ भने मान्यता अध्ययनहरूले देखाएको छ। यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले जोखिम मुक्त बनाउन भने कठिन छ। तर पनि विपद्पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनु पर्दछ। गत वर्ष जस्तै यो वर्षका लागि पनि यो योजना विपद्पश्चात संचालन गरिने राहत प्रतिकार्यका गतिविधिहरू संचालन गर्नका लागि निर्माण गरिएको छ। यो कार्ययोजना मुख्यतः नुवाकोट जिल्लामा बर्षेनी हुने पहिरो प्रभावित समुदायमा न्यूनतम मानवीय सहायताहरू पूर्ति गर्नका निमित्त समयमै र समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई विपद्बाट हुने तत्कालिन असरहरूलाई कम गराउने यौचित्यका साथ तयार गरिएको छ । पहिरो लक्षित भएपनि अन्य विपदहरुमा पनि यस योजनामा उल्लेख प्रक्रियाहरुलाई अबलम्बन गर्न सकिनेछ।

३. उद्देश्य र कार्य क्षेत्र

- जिल्ला स्तरमा हुने, हुन सक्ने विपदहरुको व्यवस्थापन गर्दै राष्ट्रिय विपद प्रतिकार्यमा कमि ल्याउनु यस प्रतिकार्य योजनाको मुख्य उद्देश्य रहेको छ।
- विपद प्रभावितहरूलाई तत्काल उद्धार तथा राहत सेवा पुऱ्याउन सरल पार्नु।
- पूर्वतयारी कार्ययोजनामा जिम्मेवारी बोकेका विभिन्न सघंसस्थाहरूको कार्य प्रगतिको समीक्षा गर्नु।
- पूर्वतयारी योजना कार्यान्वयन पश्चात सिकिएका पाठहरुलाई छलफलमा ल्याई पुनः परिमार्जनका लागि सरोकारवालाहरुको बैठकको आयोजना र विभिन्न निकाय तथा संघसस्थाहरू बीच समन्वय गरी कार्यक्रमलाई एकीकुत रूपमा अगाडि लैजानु।
- राहत वितरण कार्य एकद्धार प्रणालीबाट छिटो, सरल बिधि, ब्यवस्थित, पारदर्शीताका साथ कार्य गर्न।
- विपद् आफैमा चुनौती हो र विपदले निम्त्याएको अवस्थालाई अवसरको रुपमा व्यवस्थापन गरि दिगो विकासका योजनाहरु तर्जुमा, छनौट र कार्यान्वयन गर्न मुलप्रवाहीकरण गरिने।
- विपद् व्यवस्थापन नीतिका उद्देश्यले निर्देश गरे अनुसारको कार्यक्रम कार्यान्वयन संस्थाहरुको स्थापना गर्ने र आवश्यक प्रविधिको पनि स्तरोन्तर गर्दै सो सम्बन्धी अनुगमन तथा मुल्यांकन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- जोखिमको पहिचान, मुल्यांकन तथा अनुगमनको लागि प्रभावकारी प्रणालीको व्यवस्था गरिनेछ।
- आधुनिक संचार प्रविधिको प्रयोग गर्दै विपद्को पूर्व जानकारी गराउने Early Warning System को विकास गरिने।

- प्रकोप पश्चातको प्रतिकार्य तथा उद्धार कार्यमा संकटासन्न (Vulnerable) समुदाय खासखरी सुत्केरी महिला, स्तनपान गराईरहेका महिला, किशोरी, अपाङ्गता भएका नागरिकहरु, एकल महिला, जेष्ठ नागरिक, बालबालिकाहरु पहिचान गरी विशेष ग्राह्यता दिइने ।
- पुर्नस्थापना तथा पुर्ननिर्माणलाई विपद् उत्थानशील संरचना तथा समाज बनाउने अवसरको रुपमा लिएर सुरक्षित समाजको निर्माण गरिने ।
- विपद् व्यवस्थापनका लागि सञ्चारको योगदानको प्रभावकारीतााई जोड दिइने ।
- आकस्मिक पूर्वतयारी योजना समय समयमा परिमार्जन गरि अन्य संस्करण प्रकाशन गरी सम्बन्धित निकायहरूलाई वितरण गर्नु ।

  विपद् हुनुभन्दा अगाडि, भइरहेको समयमा र विपद् पश्चात् तुरुन्त गरिने कार्य तथा जनधनको सुरक्षा, कानुनको पालना; विरामी, घाइते र जोखिममा परेका व्यक्तिको हेरचाह, जीवन रक्षाका लागि आवश्यक पर्ने सामग्री प्रदान गर्ने र सार्वजनिक सम्पत्तिको संरक्षणका लागि जिल्ला स्तरमा गरिने कार्यहरुलाई जिल्ला विपद् प्रतिकार्य (National Disaster Response) को कार्य क्षेत्रको रुपमा लिइएको छ । विपद पूर्व, विपद परिरहेको समयमा र विपद पछि गर्नु पर्ने कार्यहरूको पूर्वतयारी गर्नु ।

४. अबलम्बन गरिएको प्रक्रियाहरू

विपदको क्षेत्रमा काम गर्ने निकायहरूका लागि तयार भएको मानवीय घोषणा (स्फेयर) पत्रले निर्दिष्ट गरेको मार्ग निर्देशन र न्यूनतम मापदण्ड अनुसारको प्रक्रियालाई अबलम्बन गरिएको छ । योजना तयार गर्न जिल्ला विपद व्यवस्थापन समितिको बैठक, कार्यशालाहरु, क्षेत्रगत समितिहरुको विभिन्न चरणमा बैठक छलफल गरि निर्दिष्ट गरेको मार्गनिर्देशनलाई अवलम्बन गरिएको छ साथै यसमा समावेश गर्नु पर्ने आवश्यक विषयबस्तुलाई समेट्ने प्रयास गरिएको छ ।

विपद् प्रतिकार्य योजना तर्जुमा गर्ने क्रममा २०७२ बैशाख १२ गते र त्यसपछिका पराकम्पनले श्रृजित विपद व्यवस्थापनका लागी जिल्ला जिल्ला विपद् व्यबस्थापन समितिको बैठकमा छलफल, निर्णयहरु भएका छन भने विषयगत क्षेत्रहरूको पटक पटक छलफल र अन्तरक्रियाहरूको आयोजना गरिएको छ । यसैगरी विषयगत अगुवा संस्थाको पनि पटक पटक बैठकहरू बसी विपद न्युनिकरणका विषयमा छलफल भएका छन् । बैठकहरूमा जिल्ला स्थित सरोकारवाला निकायहरूबाट प्राविधिक सहयोग गर्ने काम भएको छ ।

५. अवस्था बिश्लेषण र समिक्षाः

बिगत बर्षमा भएका प्राकृतिक तथा मानवजन्य प्रकोप संग सम्वन्धित मानवीय क्षति, प्रभाबित गा.पा., जनसंख्या आदि सूचनाहरु विभिन्न निकायहरु जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र, जिल्ला प्रहरी कार्यालय, जिल्ला विपद व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी आदीबाट संकलन गरिएको थियो । जिल्लाको परिचय, प्रशासनिक अवस्था, सामाजिक, साँस्कृतिक तथ्यांक, प्राकृतिक पद्धति, कृषि र सरसफाइको स्थिति, भु उपयोग संग सम्वन्धित सूचनाहरु जिल्ला समन्वय समिति, ने.रे.सो., जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला कृषि बिकास कार्यालय, I/NGOs को प्रतिबेदनहरुबाट संकलन गरी विश्लेषण समिक्षा गरिएको थियो ।

यस्ता बिभिन्न निकायहरुबाट प्राप्त प्रतिबेदनहरुको समिक्षा तथा स्थानीय ब्यक्तिहरु संगको छलफलको आधारमा जिल्लाको पहाडी भागमा पहिरो समस्या उच्च रहेको पाइन्छ । त्यसैले यस योजनामा पहिरोलाई प्राथमिकतामा राखि पहिरोको लागी पुर्व तयारी तथा प्रतिकार्य योजनाको अवस्था विश्लेषण गरिएको छ ।

६. समन्वयात्मक बैठक तथा परिचयात्मक कार्यशालाः

यो योजना तर्जुमाको खाका परिमार्जन गर्न कार्यशाला संचालन गर्नुपूर्व जिल्ला विपद व्यवस्थापन समितिद्धारा नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखा संगको समन्वयमा सबै पक्षहरुलाई समावेश गरि बैठकको आयोजना गरियो । कार्यशाला जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सन्पन्न भएको थियो । उक्त

कार्यशालामा समितिका सदस्यहरु, विभिन्न सरकारी कार्यालयका प्रमुखहरु, पत्रकारहरु, राजनैतिक दलका प्रतिनिधिहरुको सहभागिता थियो । यस कार्यशालामा बिगत बर्षहरुमा घटेका प्रकोपका घटना, त्यसले पारेका असरका बारेमा समिक्षा गरिएको थियो । साथै यस बर्ष हुनसक्ने विपदको लागी पूर्वतयारी तथा प्रतिकार्यको प्रभावकारिता, प्रकोपको पहिचान तथा प्राथमिकिकरण, बिभिन्न श्रोतहरुको पहिचान, बिभिन्न साझेदार निकायहरुको क्षमता र प्रतिकार्य योजनाको खाकाको बिषयमा समेत छलफल गरिएको थियो ।

७. क्षेत्रगत बैठकहरु:

पहिलो र अन्तिम कार्यशालाको बिचमा सबै क्षेत्रगत अगुवाहरुले आ-आफ्नो क्षेत्रको बैठकको आयोजना विभिन्न समयमा गरेका थिए । यस बैठकमा विगतमा भए गरेका कार्यको समिक्षा, आईपरेका समस्या समाधानको प्रयास र भविष्यमा आउन सक्ने सम्भाव्य प्रकोपहरुमा प्रतिकार्य गर्न आफ्नो क्षेत्रको अवस्थाको लेखाजोखा गरीएको थियो । क्षेत्रगत अगुवाहरुद्धारा नेपाल सरकारद्धारा निर्देशित ढाँचा तथा फाराम प्रयोग गरी अवस्था बिश्लेषण गरिएको थियो । यी बैठकहरुका उपलब्धिहरुलाई दोस्रो कार्यशालामा छलफल गरिएको थियो ।

८. अन्तिम कार्यशाला:

जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्षको अध्यक्षतामा बसेको बैठकमा क्षेत्रगत समूहहरुमा विपद पूर्बतयारी तथा प्रतिकार्य योजनाको खाका, स्रोत नक्शाङ्कन तथा बजेट निर्धारण गर्नका लागि खुला छलफल गरीएको थियो । छलफलवाट निस्केका उपलब्धिहरुलाई क्षेत्रगत अगुवाहरुले बैठकमा प्रस्तुत गरेका थिए । आवश्यक छलफल पछि योजनामा समाबेश गर्नु पर्ने बिषयहरु लाई अन्तिम रुप दिइएको थियो । जिल्लास्तरमा पहिले तयार गरिएको विपद पूर्वतयारी प्रतिकार्य योजना लाई यस बर्ष व्यापक छलफल, अर्न्तक्रिया गरि अद्यावधिक गरिएको छ । यस योजनामा समावेश गरिएको विषयबस्तुलाई आगामी दिनमा हुने विपदको अवस्था मुल्यांकन गर्दै बार्षिक रुपमा अझै परिमार्जन गर्दै लगिनेछ । कतिपय अवस्थामा एउटै किसिमको तथ्याङ्क पनि अलग-अलग स्रोतबाट प्राप्त भएको कारणले फरक परेका हुन सक्छन् । जे भएपनि पहिलो प्रयासमा भए गरेका कमी कमजोरीहरुलाई यस पटक सच्याउने प्रयास गरिएको छ । कतिपय क्षेत्रका तथ्याङ्कहरू आउँदा दिनमा समेत प्राप्त हुन सक्ने भएको र जरुरी तथ्यांकलाई मध्यावधि मूल्यांकनको वेलामा समेत समावेश गरी यो कार्ययोजना दस्तावेजलाई पूर्णता दिइनेछ ।

९. विपदको पहिचान एवं अवस्था बिश्लेषण

९.१ विपद पहिचान :-

विगतका बर्षदेखी नुवाकोट जिल्लामा विपदबाट प्रभावित जनसंख्या, धनजनको क्षतिको विवरण जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला आकस्मिक कार्य संचालन केन्द्र, नेपाल प्रहरी तथा नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखाबाट संकलन गरिएको छ । जिल्लाको वस्तुस्थितिसँग परिचित हुनका लागि जिल्लाको पार्श्वचित्र, जिल्ला स्थित विभिन्न कार्यालयबाट प्रकासन गरिएको बुलेटिनहरुलाइ लाई समेत अध्ययन गरिएको छ । जिल्लामा भईरहेको अव्यस्थित विकास निर्माणले पनि प्राकृतिक विपद् निम्त्याएको अनुभुति गर्न सकिन्छ । यो योजना तयारी सिलसिलामा विभिन्न गाउं पालिकामा पालिका स्तरीय तथा नगरपालिकामा वडा स्तरीय जनप्रतिनिधि लगायत नागरिकहरुसंग प्रत्यक्ष छलफल गर्दा भुकम्प, पहिरो र बाढी पछि नुवाकोटका धेरै भागमा जनावर आतंक बिशेष गरेर बांदरको आतंक बढेर गएको पाईएको छ । यस हिसाबले भूकम्प, पहिरो, बाढी र बांदर आतंक यस जिल्लाको समस्या यानेकी विपद हो भनेर पहिचान गरिएको छ त्यसैले हामीले यहि समस्या समाधानको लागी योजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ । स्थानीय तहमा प्रतिनिधीहरुसंगको छलफलबाट विपदको पहिचान एवं प्राथमिकीकरण गरिएको छन जुन तल व्याख्या गरिएको छ ।

९.२ चुनौतीहरु :

विपद अपर्झट, बिना सुचना आउने भएकोले तत्काल विपदको सामना गर्ने चुनौती ज्यादै न्युन रहेको हुन्छ । विपदको केही समय पश्चात मात्र मानिसमा सन्तुलनको अवस्था आएपछि विपदको सामना गर्दै अगाडि बढने कार्य गरिन्छ । विपदको चुनौती सामनाको स्तर विपदले गरेको असर, भौगोलिक अवस्था, व्यक्ति, समुदाय, सरकारी, गैरसरकारी निकायहरुका क्षमतामा

निर्भर रहेको हुन्छ । तीब्र जनसंख्या बिचलन, लैगिंक विभेद, युवाहरुको पलायन, समुदायमा आधारभुत सुविधाहरुको कमि, स्थानीय बिकासमा स्थानीय स्रोतसाधनहरुको समुचित प्रयोगको अभाव, स्वास्थ्य तथा सरसफाइ सम्बन्धि जनचेतनाको कमी, समुदायमा सचेतना मुलक गतिविधिहरुको अभाव, स्वयंसेवी भावनामा कमी हुदै जानु, मानविय भावनामा ह्रास आउनु, गरिवी मुख्य चुनौतीको रुपमा रहेका छन् । नुवाकोट जिल्लाका सवल पक्षहरु तथा अवसरहरु हुदां हुदै पनि बिकाससंग सम्वन्धित प्रशस्त चुनौतीहरु पनि छन् । यस्ता विकाससंग सम्वन्धित बिषयहरुमा मानिसहरुले प्राकृतिक विपदहरुको सामना कसरी गर्दछन् भन्ने कुरालाई निर्धारण गर्दछन् । सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा धनी र गरिव बीचको खाडलले मानिसहरुको विपदसंग जुझ्ने क्षमतालाई निर्धारण गर्दछन् । जिल्ला कृषि उत्पादनमा सबल भएपनि समानुपातिक दृष्टिकोणले सबै क्षेत्रमा बराबरी छैन तथा उत्पादित खाद्य सुरक्षाको अवस्था समेत सन्तोषजनक छैन् । पानीजन्य प्रकोपका कारण जनधनमा पर्न जाने चुनौती बढदो छ ।

९.३ अवसरहरु :

जहां चुनैती हुन्छन त्याहां अवसरहरु पनि प्रशस्तै हुन्छन भन्ने उक्ति जस्तै नुवाकोट जिल्लामा विपदबाट हुन सक्ने चुनौतीलाई सामना गर्न सक्ने अवसरहरु पनि प्रशस्तै रहेका छन । यस जिल्लाको प्राकृतिक विविधता संगै को सुन्दरता र सामरीक दृष्टिकोणको हिसाबले बढदै गरेको महत्वले अवसरहरु पनि बढिरहेको छ । देशको राजधानी काठमाण्डौ नुवाकोट हुदै छिमेकी देश चीनको केरुङ जोड्ने सडक सुविधाका कारण नुवाकोट जिल्लामा पर्यटनको विकास र व्यापारको प्रवल सम्भावनाका अवसरहरु छन् । त्रिशुली तादी नदीमा अविरल बगिरहने पानी, नदीजन्य बस्तुको प्रचुर उत्पादन, बनजंगलको राम्रो अवस्था, गैर काष्ठ उत्पादनहरु, जडीबुटीहरुको उत्पादनहरुलाई पनि अवसरको रुपमा लिन सकिन्छ । यस्ता प्राकृतिक सम्पतिहरु जिल्लाको मूख्य आम्दानीका स्रोतहरु हुन । नीति नियम भित्र रहेर, वातावरणलाई नकारात्मक असर नपर्ने गरि यस्ता श्रोतहरुको समुचित उपयोग गरि अधिकतम फाईदा लिन सक्नु आजको आवश्यकता हो ।

समुदायहरु संग प्रर्याप्त आर्थिक स्रोत हुने हो भने उनीहरु पानीका स्रोत र मुहानहरु को व्यबस्थापन र संरक्षंण, शुद्दीकरण गरी पिउने, सरसफाइ एकाइहरुको निर्माण र उचित प्रयोग गर्ने विभिन्न उपायहरु अवलम्वन गर्न सक्छन् । विदुर न.पा. तथा गा.पा का नागरिकहरु आपनो जीवनमा आईपरेको विपदको समुचित ब्यबस्थापन गर्न इच्छुक देखिन्छन् । सामुदायिक बन उपभोक्ता समितिहरुलाई आगलागीबाट समुदायमा पर्ने असरहरु, बनजंगलको संरक्षण तथा पानीका मुहानहरुको संरक्षण गर्ने कार्यका लागि समुदायमा जनचेतना फैलाउने अभियानमा परिचालन गर्न सकिन्छ । बनजंगलमा हुने आगलागिका घटनाहरु न्युनीकरण तथा झाडापखाला रोकथाम तथा पूर्वतयारीका लागि समुदायमा  कार्यरत सामुदायिक संगठनहरुलाई  समेत परिचालन गर्न सकिन्छ । यस्ता संघ संस्थाहरु बाट मानवीय स्रोतका अतिरिक्त प्राविधिक तथा आर्थिक सहयोग समेत लिन सकिन्छ ।

१०. प्रकोप प्राथमिकिकरण, संकटाभिमुखता :

१०.१ प्राथमिकिकरण

विभिन्न प्रकारका प्राकृतिक तथा मानव जन्य प्रकोपहरु जस्तै- भुकम्प, बाढी, पहिरो, आगलागी, महामारी, खडेरी ,सरुवा रोगहरु, चट्याङ, हुरीबतास आदि मध्ये नुवाकोट जिल्लामा भुकम्प, बाढी, पहिरो, आगलागी, महामारीले क्षती बढी पुर्‍याउने तथा धेरै घटने प्रकोपहरु हुन । जिल्लामा गरीएको प्रकोपको श्रेणीकरण अनुसार भुकम्प, पहिरो, बाढी, जनावर आतंक, महामारी, हावाहुरी, र आगलागीको Score value क्रमशः ८, ७, ६, ५ र २ रहेको छ । जुन तलको टेबलमा देखाईको छ । यसको अर्थ नुवाकोट जिल्लामा भुकम्प, पहिरो, बाढी, जनावर आतंक र आगलागी प्रकोपहरु उच्च प्राथमिकतामा पर्दछन् । त्यस पछि हावाहुरी र माहामारीको जोखिम पनि रहेको देखिन्छ । यो योजना निर्माणको सिलसिलामा स्थानीय तहको प्रतिनिधिहरु संग छलफल गरेर विपदको पहिचान एवं प्राथमिकिकरण गरिएको छ र त्यसै लाई जिल्ला विपद व्यवस्थापन समितिको बैठकमा सहभागी स्थानीय साझेदार संस्थाहरुका प्रतिनिधिहरुको साथै सम्वन्धित सरोकारवालाहरुबीच उपरोक्त सूचनाहरुको परिक्षणका लागि बिस्तृत छलफल भएको थियो । सहभागीहरुले  मानवीय क्षति, घरहरुको क्षति तथा प्रकोपले ओगटेको क्षेत्रको आधारमा प्रकोपको प्राथमिकिकरण गरीएको थियो । जसको परिणाम तलको तालिकामा देखाइएको छ ।

गा.पा. र न.पा मा गरिएको सर्वेक्षण र छलफल अनुसार सम्भावित प्रकोपको स्तरीकरण

| गा.पा/ नपा | सम्भावित प्रकोपको प्रकार ( १ निम्न, ९ उच्च) | | | | | | | | | संकटासन्नता स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भुकम्प | पहिरो | बाढी | जनावर आतंक | हावाहुरी | आगलागी | चटयांङ | माहामारी | खडेरी | |
| भुकम्प | * | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | ८ |
| पहिरो | * | * | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | ७ |
| बाढी | * | * | * | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | ६ |
| जनावर आतंक | * | * | * | * | जनावर आतंक | जनावर आतंक | जनावर आतंक | जनावर आतंक | जनावर आतंक | ५ |
| हावाहुरी | * | * | * | * | * | आगलागी | आगलागी | हावाहुरी | हावाहुरी | २ |
| आगलागी | * | * | * | * | * | * | आगलागी | आगलागी | आगलागी | ५ |
| चटयांङ | * | * | * | * | * | * | * | माहामारी | खडेरी | ० |
| माहामारी | * | * | * | * | * | * | * | * | माहामारी | २ |
| खडेरी | * | * | * | * | * | * | * | * | * | ० |

तालिका नं. ३ प्रकोप प्राथमिकिकरण मेट्रिक्स (२०७५)

| प्रमुख प्रकोपहरु | प्रकोपको श्रेणी | बारम्बारता |
|---|---|---|
| भुकम्प | पहिलो | ८ |
| पहिरो | दोश्रो | ७ |
| बाढी | तेश्रो | ६ |
| जनावर आतंक | चौथो | ५ |
| हावाहुरी | पाचौ | २ |
| आगलागी | चौथो | ५ |
| चटयांङ | छैठौ | ० |
| माहामारी | पाचौ | २ |
| खडेरी | छैठौ | ० |

माथिको बिश्लेषणको आधारमा भुकम्पको प्रकोप सवैभन्दा बढी ८ भएकाले यसलाई पहिलो प्राथमिकतामा राखिएको छ। भुकम्पले जिल्लामा अत्यन्त जोखिमको अवस्था सृजना गरेको अवस्था थियो जसको असर हामीहरु अझै भोगिरहेका छौ। यस किसिमको जोखिम अलि अप्रत्यासित र आँकलन गर्न पनि नसकिने हुन्छ। त्यसै गरी पहिरो, बाढी, जनावर आतंक र आगलागी, महामारी र हावाहुरी, चटयांङ र खडेरी क्रमशः दोस्रो, तेस्रो, चौथो .........प्राथमिकता क्रममा छन्। यस योजनामा भुकम्प र पहिरोलाई उच्च प्राथमिकतामा राखिएको छ।

१०.२ संकटासन्नता :

विगत बर्षको उपलब्ध तथ्याङकको आधारमा साविक गा.वि.स अनुसार पहिरोको संकटासन्नता पहिचान गरिएको छ। यसका लागि बिभिन्न सुचकहरु जस्तै - घटनाको संख्या, मुत्यु भएको संख्या, प्रभावित मानिसको संख्याको अध्ययन विश्लेषण गरिएको छ। यसको बिस्तुत विवरण अनुसूचि १ (क) मा दिइएको छ। जिल्लाको प्रत्येक गा.पा. र नगरपालिका पहिरोको जोखिमबाट विगत तीन बर्षहरुमा प्रभावित भएका छन्। पहिरोको कारण सम्भावित जोखिममा रहेका गा.पा. हरुलाई निम्न

तालिकामा श्रेणीबद्ध रुपमा राखिएको छ । हरेक स्थानीय तहमा गएका पहिरो हरुको विवरण वडागत तथा स्थानको विवरण सहित प्रस्तुत भएका छन । सबै पहिरोले प्रत्यक्ष अप्रत्यक्ष जन, धन तथा बातावरणलाई असर गरेका छन ।

११. पहिरोको कारणले हुने जोखिम विश्लेषण :

विगतमा जिल्लामा पहिरोको प्रकोपले साबिक २१ ओटा गा.वि.स र न.पा उच्च जोखिम अवस्थामा थिए भने हाल ती गाविसहरु १२ वटै गाउंपालिका र नगरपालिकामा परेकाले सबै गा.पा. र न.पा. जोखिममा रहेको विश्लेषण रहेको छ । जिल्ला विपद पुर्व तयारी तथा प्रतिकार्य योजना तयारी सिलसिलामा विभिन्न स्थानीय तहमा गई निर्वाचित पदाधिकारीहरु लगायत विभिन्न नागरिकहरु संगको छलफलबाट नुवाकोट जिल्ला पहिरोको जोखिममा रहेको विश्लेषण गरिएको छ । पहिरोको बारेमा कुरा गर्दा नुवाकोट जिल्ला भर करिब ४२०० घर परिवार प्रभावित हुनसक्ने र त्यसमध्यै करिब ९०० घरपरिवार उच्च जोखिममा रहने अनुमान गरिएको छ । बर्षायाममा पहिरोको कारण भौतिक पूर्वाधार, सडक संजाल तथा सार्बजनिक भवनहरुमा क्षति पुग्ने गरेको छ । त्यस्तै बालीनालीहरु र खाद्य सुरक्षा पहिरो कारण प्रभावित हुने प्रमुख क्षेत्रहरु हुन । यस योजनामा जोखिममा हुनसक्ने ४५० परिवारलाई केन्द्रबिन्दुमा राखि पुर्वतयारी, खोज तथा उद्धार र प्रतिकार्य योजना तयार गरिएको छ ।

११.१ प्रतिकार्य योजना

क. खोज तथा उद्धार

**बिषयक्षेत्र** : समन्वय, खोज तथा उद्धार

**मुख्य विपद्को किसिम** : पहिरो

**क्षेत्रगत अगुवा** : जिल्ला प्रशासन कार्यालय

**समन्वय** :- विपद्को कुनै पनि घटना घट्नासाथ त्यसलाई तत्काल व्यवस्थापन गरी सामान्य अवस्थामा ल्याउनु पर्ने हुन्छ । त्यसको लागि सम्बद्ध निकायहरू र व्यक्तिसंग समन्वय गरी सोकार्यको प्रतिकार्य गर्नुपर्ने हुन्छ । खास गरी जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्ष र खोज तथा उद्धार समितिको सँयोजकको हैसियतले प्रमुख जिल्ला अधिकारीले जिल्ला विपद् व्यवस्थापन समिति लगायत अन्य सरोकारवाला सँघ-संस्था र व्यक्तिहरूसंग समन्वय गरी विपद्को घटना भएको मिति, स्थान र घटनाको अवस्था सम्बन्धमा जानकारी गराई प्रकोप व्यवस्थापन सम्बन्धमा आवश्यक निर्णयहरू लिनु पर्ने हुन्छ ।

**खोजी** : कुनै पनि प्राकृतिक वा कृतिम प्रकोपको अवस्थामा गरिनुपर्ने पहिलो कार्य खोजी (Search) हो । बाढी, आगलागी भूकम्प जस्ता प्राकृतिक र मानव सृजित प्रकोपले मानव जीवनलाई सामान्य अवस्थाबाट असामान्य अवस्थामा पुऱ्याई दिन्छ । यस्तो असामान्य अवस्थामा घटनास्थलमा तत्काल उद्धारकर्मीहरुद्वारा उद्धार सामाग्री सहित मानव, पशु, धन बचाउँको लागी गर्ने कार्य खोजी हो ।

**उद्धार** : प्राकृतिक प्रकोपले तहस नहस बनाएका मानव सिर्जित भौतिक संरचना तथा खोलानालाले बगाएर संकटासन्न अवस्थामा रहेका व्यक्ति, धन सम्पती, पशु चौपायालाई खोजी गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्नु नै उद्धार हो । यस्तो कार्य गर्दा सधैं बृद्ध, बृद्धा, गर्भवती-सुत्केरी महिला, बालबालिका, फरक क्षमता भएका, घाईते बिरामीलाई प्राथमिकता दिई उद्धार गरिन्छ । उद्धार कार्यको साथसाथै प्राथमिक उपचार, उनिहरुको सुरक्षा र खाने व्यवस्था पनि संगसंगै गरिन्छ । यो कार्य पीडितहरूको पूनर्स्थापना नभएसम्म चलिरहन्छ ।

**ख. अनुमानित अवस्थाः** यस वर्ष प्रभावित हुनसक्ने परिवार तथा जनसंख्याः ४५० परिवारका २७०० जनसंख्या जसमा १००० महिला हुनसक्ने छन्, जसमध्ये केहि समयको लागि विस्थापित हुने जनसंख्या ५०० हुनेछ करिब ८०० वालवालिका, ४५० किशोरकिशोरी र गर्भवती तथा दूध चुसाउने महिला ४०० हुने पूर्वानुमान गरिएको छ । विपद्ले पुऱ्याउन सक्ने असरको अवस्था निम्न वमोजिम हुन सक्नेछ ।

☐ सार्वजनिक पूर्वाधारहरू (भवन, सडक, पुल, बिद्युत, आपूर्ति, सञ्चार) आशिंक नष्ट,

☐ आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बाल-वालिका, महिला, वृद्ध-वृद्धा तथा फरक क्षमता (अपाङ्ग) भएका मानिसहरू मुख्य रूपमा प्रभावित हुने,

☐ विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथी चाप पर्ने,

☐ सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्य सम्बन्धी प्रचलनहरूमा चुनौती,

☐ आवास सम्बन्धी सहयोग आवश्यक हुने गरी विस्थापित परिवारको सङ्ख्या बढ्नसक्ने छ ।

**ग. विषयगत उद्देश्यः**

☐ विपद् पूर्व नै प्रभावित हुन सक्ने समुदाय र मातहतका सुरक्षा निकाय इलाका प्रहरी चौकी, रेडक्रसका स्थानिय स्तरहरुमा खोज तथा उद्धारका आवश्यक सामाग्रीको प्रवन्ध मिलाउने,

☐ बिपद्को कारणले जीवन जोखिममा परेका व्यक्तिहरूको क्रमश प्राथामिकतानुसार उद्धार गर्ने ।

☐ संकटासन्न रहेका पीडितहरूको उद्धारको क्रममा प्रभावकारी समन्वय र संयोजनको कार्यमा सक्रिय रहने ।

☐ बिपद्को बेला हराईरहेका नागरिकहरूको बिवरण तयारी गर्दै खोजी कार्य गर्ने ।

☐ जीवन रक्षा, हराएका मानिस, पशुधनको खोजी तथा मृत अवस्थामा रहेकाको उचित रेकर्ड सहित व्यवस्थापन गर्ने ।

☐ बिस्थापित व्यक्तिहरूको अस्थायी स्थानान्तरण तथा सुरक्षा प्रदान गर्ने ।

☐ घाईते बिरामीहरूको प्राथमिक उपचार प्राथमिकताका आधारमा गर्ने ।
☐ विपद्मा परेकालाई समयमै आधारभूत आवश्यकताका राहत सामग्री वितरण गर्ने ।
☐ सम्पूर्ण सम्बन्धित निकायले उद्धार सामाग्री मर्मत गरी तयारी अवस्थामा राख्ने ।
☐ नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गरेर वार्षिक रुपमा कृत्रिम घटना अभ्यास गर्ने ।

**घ.मानवीय सहयोगका मापदण्ड :**
☐ विपद् भए लगत्तै उपकरण सहित खोजी तथा उद्धार (Search & Rescue) टोली खटाउने ।
☐ समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
☐ सुविधाबाट एकदमै वञ्चित समूह/संकटासन्न अवस्थामा रहेका व्यक्ति लगायत सबैलाई गरिएको उद्धार र वितरण गरिएका सहयोग सम्बन्धी गतिविधिको अनुगमन ।
☐ अवस्था हेरी (आवश्यकतामा आधारित रहेर) मिरा (IRA, Details HHs Survey) टीम खटाउने ।
☐ पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन पेस गर्ने र त्यसपछि हरेक दुई हप्तापछि ।
☐ शिविर समन्वय तथा व्यवस्थापन (CC&CM) को अनुगमन गर्ने तथा प्रतिवेदन गर्ने (फाराम सहितको) संयन्त्र ।
☐ पहिलो हप्तामा हरेक दिन र प्रकोप भएको २४ घण्टाभित्र समाचार संचार माध्यममा पठाउने ।
☐ नियन्त्रण तथा मानवीय सहयोगसम्बन्धी मापदण्ड कायम गर्ने सांस्कृतिक, सामाजिक तथा आर्थिक रूपमा स्वीकार गर्न सकिने सामग्री-दाता/सहयोग उपलब्ध गराउने (निकायबाट प्रत्यक्ष वितरण होइन) ।
☐ क्षेत्रीय विपद् उद्धार समितिलाई सक्रिय पार्ने (अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन) ।
**ङ. सुरक्षित आवासको व्यवस्था :**
नेपाल सरकारबाट यस जिल्लामा ७ वटा स्थानमा सुरक्षित स्थानमा आपातकालिन आवास को निमार्ण सम्पन्न भई स्थानीय तह लाई हस्तान्तरण गरिएको छ ।

| क.स | साविक स्थान | हाल को स्थान | क्षमता |
|---|---|---|---|
| १ | बुधसिङ्ग | तारकेश्वर गा.पा-४ | १६ परिवार |
| २ | बर्सुन्चेत | मेघाङ्ग गा.पा-१ | १६ परिवार |
| ३ | उर्लेनी | तादी गा.पा-१ | १६ परिवार |
| ४ | थानसिङ्ग | लिखु गा.पा-५,६ | १६ परिवार |
| ५ | तुप्चे | बिदुर ना. पा-७,८,९ | १६ परिवार |
| ६ | जिलिङ्ग | बेलकोट ना. पा-८,९ | १६ परिवार |
| ७ | औखरपौवा | ककनी गा.पा-१,२ | १६ परिवार |

**DUDBC: 2018**

१२. जिल्लाको क्षमता बिश्लेषण:

जिल्लाका प्रकोप पूर्वतयारी गतिबिधिहरु, जिल्ला स्थित सरकारी, गैह्सरकारी तथा निजी क्षेत्रबाट प्रदान गरिने सेवा लगायत जिल्लाको क्षमतामा निर्भर हुन्छन् । क्षमतालाई आन्तरिक र बाह्य गरी दुई भागमा बिभाजन गर्न सकिन्छ । जिल्ला

स्थित बिभिन्न निकायहरुले प्रदान गर्ने अपेक्षित सेवाहरु आन्तरिक क्षमतामा पर्दछन् भने जिल्लामा अन्तर्राष्ट्रिय संस्थाहरको नियमित उपस्थिति वा प्रकोपको समयमा यस्ता संस्थाहरुको सहभागिताले बाह्य क्षमताको निर्धारण गर्दछन् । नुवाकोट जिल्ला खाद्य सुरक्षाको हिसाबले सबल देखिएता पनि जिल्लाको ग्रामिण क्षेत्रहरु खाद्यान्न उपलब्धताको हिसाबले कमजोर अवस्थामा छन् । विपदको क्षेत्रमा नेपाल रेडक्रस सोसाईटीले सक्रियता पुर्वक विभिन्न क्रियाकलापहरु गरिरहेको छ ।

**नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा नुवाकोट**

प्रकोप प्रभावित व्यक्ति तथा समुदायलाई सहयोगको आवश्यकता पर्दछ र त्यो आवश्यकता कुनै एक निकायले मात्र पुरा गर्न सक्दैन । सहयोग कार्यहरु प्रभावकारी रुपमा लक्षित समुदायसम्म पुर्‍याउन नेपाल रेडक्रस सोसाइटी आफ्नो स्थापना कालदेखि नै निरन्तर रुपमा लागि परिरहेको छ । सन् १८६३ मा घाइतेहरुको सहयोगको लागी अर्न्तराष्ट्रिय समितिको नामवाट स्थापित रेडक्रस विशुद्ध मानवीय सेवामा समर्पित स्वाधिन संस्थाको रुपमा विश्वका १९१ भन्दा बढि राष्ट्रहरुमा क्रियाशील छ । विश्व रेडक्रस अभियान प्रारम्भ भएको एकसय वर्ष पछि मानवीय संस्थाको रुपमा नेपाल रेडक्रसको स्थापना वि.स. २०२० भाद्र १९ गते भएको हो । धर्म , बर्ण , लिङ्ग, जात , भाषा, राष्ट्रियता वा राजनैतिक विचारधाराको आधारमा भेदभाव नगरी मानवीय विपत्तिलाई रोक्न वा कम गर्न प्रयास गर्ने उद्देश्य रहेको यस पवित्र मानवीय संस्थाको शाखाको रुपमा नुवाकोट जिल्ला मावि.स २०३४ साल आश्विन १८ मा रेडक्रसको स्थापना भयो । रेडक्रस अभियानको एक अंगको रुपमा नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखाले रेडक्रस अभियानका सात आधारभूत सिद्दान्तहरुलाई आधार बनाएर मानवीय सेवाका गतिविधिहरु संचालन गर्दै आइरहेको छ । स्थापनाका केहि वर्ष सम्म जिल्लाभित्र संगठनात्मक सुदृढिकरण गर्दै आधारभूत सेवा प्रदान गर्नमा प्रयत्नशिल यस शाखाले क्रमिक रुपमा सेवामूलक र विकास मुलक कार्यक्रमवाट आफ्ना गतिविधिहरुलाई निरन्तरता दिदै आईरहेको छ।

पुर्वाधारको अवस्था

जिल्ला शाखा कार्यालय रहेको स्थान र भवन विवरण : विदुर नगरपालिका (वि.न.पा.) वडा नं. ४, विदुरमा ६ कोठाको १ वटा र १४ कोठाको अर्को गरी जिल्लाशाखाको दुई वटा भवन छन् ।

आयमुलक भवन : वि.न.पा. वडा नं. ४ मा १६ कोठाको भवन हाल नर्सिङ कलेजलाई भाडामा लगाइएको र शाखाले वार्षिक रू. ३६००००/- आम्दानी प्राप्त गरिरहेको छ । वि.न.पा. १० कोलनीमा २ रोपनीजग्गामा ४ कोठे पुरानो भवन रहेको छ । यस भवनले भाडा बापत मासिक रू. १५ हजार आम्दानी गरिरहेको छ । यसै स्थानमा हाल ७ कोठाको पक्की ब्लड बैंक भवन निर्माणाधिन अवस्थामा छ । शाखाको दैनिक कार्य सञ्चालनका लागि आवश्यक भौतिक सामग्री कम्प्युटर, फोटोकपी मेशिन, मोटर साईकल, एम्बुलेन्स र गाडी समेत रहेको छ ।

**दूर दृष्टि (Vision)**: मानवीय पिडा कम गर्ने र उत्थानशील समुदाय निर्माण गर्ने सुदृढ संस्था ।

४. **दूरगामीलक्ष्य(Mission)**: मानवीय पिडामा तत्काल राहत प्रदान गर्न र उत्थानशील समुदाय निर्माण गर्न सहयोग पुऱ्याउनु ।

५. **रणनीतिक लक्ष्यहरू(Strategic Aims)** :

**रणनीतिक लक्ष्य १(Strategic Aim 1)**: विपद् जोखिम न्युनिकरण गर्न लक्षित समुदायमा उत्थानशीलता अभिवृद्धि गर्ने ।

**रणनीतिक लक्ष्य २ (Strategic Aim 2)**: उत्थानशील समाजको विकासका लागि एकिकृत स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने ।

**रणनीतिक लक्ष्य ३ (Strategic Aim 3)**: जिल्ला शाखा एवं यस अन्तर्गतका विकास गतिविधिहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको प्रवर्द्धन तथा मुलप्रवाहिकरण गर्ने ।

**रणनीतिक लक्ष्य ४ (Strategic Aim 4)**: संगठनका सबै तहमा जिम्मेवार र उत्तरदायी तथा प्रभावकारी व्यवस्थापन र शुसासन कायम गर्ने ।

६. **रणनीति (Implementation Strategies)** :

**रणनीतिक लक्ष्य १ कार्यान्वयनका लागि रणनीति :**

१.१	शहरीतथा ग्रामीण समुदायहरूमा उत्थानशिलताको विकास, जलवायु परिवर्तन र विपद् जोखिम न्युनिकरण सम्वन्धी कार्यक्रम अभिवृद्धि गर्ने

१.२	विपद् जोखिम न्यूनीकरण सम्बन्धी प्रभावकारी कार्यक्रम तर्जुमाका लागि सङ्गठनात्मक क्षमताको सुदृढीकरण

१.३	योजना, नीति, निर्देशिका र कार्यविधिहरू लाई सन्दर्भ अनुकूल पार्ने

१.४	सङ्गठनात्मक पूर्वतयारी तथाप्रतिकार्य सम्बन्धी औजार र संयन्त्रहरूको सुदृढीकरण

१.५	पूर्वतयारी तथा आपत्कालीन परिस्थितिहरूमा उपलब्ध गराइने प्रतिकार्यका सेवाहरूको प्रभावकारी प्रवाहको सुनिश्चितता

**रणनीतिक लक्ष्य २ कार्यान्वयनकालागि रणनीति :**

२.१	दिगो स्वास्थ्य सेवा, सरसफाई, खानेपानी सेवाको प्रवर्द्धन

२.२	प्राकृतिक तथा मानवजन्य संकटासन्नता न्यूनिकरण

२.३	प्राथमिक उपचार, रक्त संचार सेवाको अभिवृद्धि

२.४	एम्बुलेन्स सेवाको सुदृढिकरण

**रणनीतिक लक्ष्य ३ कार्यान्वयनकालागि रणनीति**

३.१	सम्पूर्ण कार्यक्रमहरूमा लैङ्गिकतथा समावेशीकरण र संरक्षणलाई मुलप्रवाहीकरण गर्दै प्रवर्द्धन गर्ने ।

३.२	विशेष आवश्यकता भएका मानिसहरूको आधारभुत मानवीय सेवामा पहुँचको प्रवर्द्धन

३.४	पारिवारिक सम्पर्कको पून:स्थापना सम्वन्धी सेवाको स्तरोन्नति

३.५	नेरेसोको मानवीय क्रियाकलापहरूमा सर्वसाधारणहरूको सहयोग अभिवृद्धि

३.६	रेडक्रसको मुल्य र मान्यतालाई कायम तथा प्रवर्द्धन

**रणनीतिक लक्ष्य ४ कार्यान्वयनकालागि रणनीति**

४.१	जिल्ला शाखा तथा उपशाखाहरूको क्षमता विकास गरी नेतृत्व व्यवस्थापन सुदृढिकरण

४.२	जनशक्ति विकास र दिगो एवं प्रभावकारी आर्थिक व्यवस्थापनको सुनिश्चितता गरी स्रोत परिचालनलाई सुदृढिकरण

४.३	प्रबन्धगत व्यवस्थापन, सूचना प्रविधि तथा सम्वन्धित नीति निर्देशिका निर्माण एवम् अध्यावधिक

४.४	योजना, अनुगमन, मूल्यांकन र प्रतिवेदन प्रणालीको प्रभावकारी कार्यान्वयन

४.५	संगठनात्मक विस्तार र सुदृढिकरण

**उद्धेश्य**

धर्म, वर्ण, लिंङ्ग, जात-जाति, भाषा, राष्ट्रियता वा राजनीतिक आस्थाको आधारमा भेदभाव नगरी मानवीय विपत्तिलाई रोक्न वा कम गर्न प्रयास गर्ने नेपाल रेडक्रस सोसाइटीको आभधारभूत उद्धेश्य हो ।

संगठनात्मक अवस्था

जिल्ला शाखा अन्तर्गत १३ वटा विषयगत उपसमितिहरू गठन गरिएको छ । जिल्ला शाखामा, रहेका छन ।

- जिल्ला सभा  : १ (१२५ जना सभासद्)
- जिल्ला कार्यसमिति : १ (पदेन सदस्यसहित १८ जना)

- समिति तथा उपसमिति : १३ (प्रकोप व्यवबस्थापन समिति समेत)

- उपशाखाहरु: १९,

- सहयोग समिति :२

**जुनियर तथायूवा रेडक्रस सर्कल**

| | |
|---|---|
| क. बहुमुखी क्याम्पस | २ |
| ख. उच्च माध्यमिक विद्यालय | ३८ |
| ग. माध्यमिक विद्यालय | ४८ |
| घ. निम्न माध्यमिक विद्यालय | २८ |
| **जम्मा-** | ११६ |

**सदस्य संख्या**

| | |
|---|---|
| यशश्कर सदस्य: | १० जना |
| विशिष्ट सदस्य : | ३६ जना |
| आजीवन सदस्य : | २१८९ जना |
| साधारण सदस्य : | ५८३ जना |
| जुनियर यूवा सदस्य: | ७८१० जना |
| कर्मचारीहरु : | ४६जना (साधारणतर्फ- १, रक्त संचार तर्फ ३ विकासतर्फ-४२) |

राष्ट्रिय विपद् प्रतिकार्य **समुह** तालिम प्राप्त ३ जना स्वयंसेवकहरू

जिल्लाविपद् प्रतिकार्य समुह तालिम प्राप्त १८ जना स्वयंसेवकहरू,

प्राथमिक उपचार प्रशिक्षकहरू २३ जना

१३. सेवा प्रदायक संस्थाहरु:

जिल्लामा नागरिकहरुलाई आधारभुत सेवा सरकारी निकायलेनै प्रवाह गरेका छन र गर्नु कर्तव्य नै हो । सरकारी निकायका अतिरिक्त धेरै सेवा प्रदायक संस्थाहरुले स्वास्थ्य, शिक्षा, कृषि, बन, खानेपानी, सुरक्षा, संचार, बैंकिङ्ग जस्ता क्षेत्रमा समुदायलाई सेवा दिइरहेका छन् । सरकारी निकायहरु जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तह, जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, डिभिजन सडक कार्यालय, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय विपद प्रतिकार्य क्रियाकलापहरुको माध्यमद्धारा जिल्लाको समग्र विकास कार्यक्रममा सहभागी छन् । यसैगरी प्रकोप प्रभावित गा.पा.हरुमा प्रकोप व्यवस्थापन कार्यमा सहयोगीको भूमिका निर्वाह गरिरहेका सहयोगी/साझेदार संघसंस्थाहरुको संख्या सिमित भएता पनि ती सघं संस्थाहरुले गरेको सहयोग प्रशंसनीय छ । तलको तालिकामा दिइएका सहयोगी संघ संस्थाहरु प्रकोपको समयमा जिल्लामा उपलब्ध भइ आशा गरिए अनुरुप कार्य गर्ने अपेक्षा गरिएको छ ।

विगत वर्षहरुमा विपद पुर्वतयारीकै क्षेत्रलाइ मात्र कार्य क्षेत्र वनाएर कार्य गर्नेमा नेपाल रेडक्रस सोसाइटी मात्र रहेकोमा गत वर्षको महाविनाशकारी भुकम्प पछि यस जिल्लामा धेरै राष्ट्रिय, अन्तराष्ट्रिय गैरसरकारी संस्था, DLSA, UN Agency र कुटनीतिक नियोगका निकायहरु पनि विपद पछिका क्रियाकलापहरु कार्यान्वयन गर्न कार्यरत रहेका थिए । यस मध्ये केही आफ्नो कार्य सम्पन्न गरेर फर्किसकेका छन भने कतिपय अझै क्रियाशिल रहेको र कतिपय आउने क्रममा पनि होला भनेर आंकलन गर्न सकिन्छ । फेरी कुनै प्रकोप भएको अवस्थामा सरकारी निकायको सहयोगीको रुपमा नागरिकहरुलाई सहयोग गर्न आउन पनि सक्छन ।

१४ स्रोत नक्सांकन-उपलब्ध स्रोतहरु :

पहिरो, बाढी, जनावर आतंक र महामारी जस्ता प्रकोपको सामना गर्नको लागि यस जिल्लामा पर्याप्त मात्रामा स्रोतहरु उपलब्ध छैनन् । विगत बर्षका प्रकोपबाट सिकिएका पाठहरुको आधारमा यो जिल्लाले विभिन्न खाले विपदको सामना गर्नका लागि सम्भाव्य क्षेत्रहरुमा बढी सतर्कता देखाउन जरुरी छ र जिल्लाका केही दुर्गम क्षेत्रहरुमा अझै थप प्रयासहरु हुनु जरुरी छ । यस्ता समस्या आउनु भन्दा पहिला नै जिल्लामा सामान्य तया स्वास्थ्य सम्वन्धि जनचेतनामूलक गतिबिधिहरु गर्ने गरिन्छ ।

जिल्लामा स्वास्थ्य सुविधा भएपनि  जिल्ला  सदरमुकाम बाट टाढा रहेका गा.पा..हरुमा यथोचित रुपमा चाहिदो मात्रामा स्वास्थ्य सुविधाहरु उपलब्ध हुन सकेको अवस्था छैन् ।

जिल्लामा पहिरो, बाढीको प्रकोपको समयमा आवश्यक पर्ने खोज तथा उद्धार तालिम प्राप्त समूहहरु र त्यसलाई व्यवस्थापन गर्न आवश्यक सामग्रीहरु पर्याप्त छैनन् । त्यस्तै दमकल, गोदाम घर, डोजर, पानी बोक्ने ट्याङ्कर लगायत उद्दारका लागी आवश्यक सामाग्री जिल्लामा पर्याप्त मात्रामा उपलब्ध छैनन् । सरकारी डोजर नभएपनि निजीक्षेत्रका डोजरलाई प्रयोग गर्न सकिन्छ । तर जुन स्थानहरु प्रकोपको उच्च जोखिममा रहेका छन् ती स्थानहरुमा यातायातले नजोडिएको अवस्था र भएका ठाउंमा पनि उचित मर्मत संभार नहुदां साधनहरु समयमै उपलब्ध हुन सक्दैनन ।

१५ कार्य क्षेत्रगत विभाजन र क्षेत्रगत अगुवा

विपद आई परेको बखत सबै क्षेत्र, निकायहरु अस्तव्यस्त, अव्यवस्थित हुन सक्ने भएकोले गर्नुपर्ने महत्वपुर्ण क्रियाकलाप, जनजीवनमा सरलता ल्याउन गरिने क्रियाकलापहरुलाई व्यवस्थित गर्न गरिने क्रियाकलापहरुलाई क्षेत्रगत रुपमा विभाजन गरि क्षेत्रगत कार्य जिम्मेवार निकायमा नेपाल सरकारको सम्बन्धित निकाय रहने र त्यसमा रहने सहयोगी निकायहरु तल उल्लेख गरिएको छ ।

| क.सं. | कार्यक्षेत्र **Cluster** | प्रमुख जिम्मेवार निकाय **Cluster Lead** |
|---|---|---|
| १ | समन्वय, खोजी तथा उद्धार | जिल्ला प्रशासन कार्यालय |
| २ | खाद्य तथा कृषि | स्थानीय तह |
| ३ | आपत्कालीन आश्रयस्थल | सहरी विकास तथा  भवन निर्माण डिभिजन |
| ४ | आपत्कालीन Logistic समन्वय | जिल्ला प्रशासन कार्यालय |
| ५ | खानेपानी स्वास्थ्य सरसफाइ | खाने पानी तथा सरसफाई डिभिजन |
| ६ | आपत्कालीन स्वास्थ्य पोषण | स्थानीय तह |
| ७ | आपत्कालीन शिक्षा | स्थानिय तह |
| ८ | गैरखाद्य सामग्री | नेपाल रेडक्रस सोसाइटी |
| ९ | आपत्कालीन संरक्षण | स्थानीय तह |
| १० | तत्कालीन पुर्नलाभ | स्थानीय तह |

तालिका नं. १६ प्रकोप प्रतिकार्यका लागि उपलब्ध स्रोतहरु तथा आवश्यकताको नक्साङ्कन

| सामाग्री तथा मानवीय स्रोत | एकाइ | उपलब्ध परिमाण | स्थान | जिम्मेवार निकाय | थप आवश्यकता | कैफियत |
|---|---|---|---|---|---|---|
| **मानवीय स्रोत** | - | - | - | - | - | - |
| सामान्य खोज तथा उद्धार तालिम प्राप्त व्यक्तिहरु | संख्या | आवश्यकता अनुसार | प्रहरी चौकी भएको गा.पा.हरुमा तत्काल | जिल्ला प्रशासन कार्यालय | प्रहरी चौकी नभएको गा.पा.मा सम्भव भए सम्म छिटो परिचालन गरीनु पर्ने | प्रत्येक स्थानीय तहमा कम्तिमा ५ जना दक्ष व्यक्ति हुनु पर्दछ। |
| स्वास्थ्यकर्मी | संख्या | १५० | गा.पा.र जिल्लामा | स्थानीय तह | ३० | प्रत्येक गा.पा.मा ५ जना |
| महिला स्वास्थ्य कार्यकर्ता | संख्या | ३० | जिल्ला | स्थानीय तह | - | - |
| LSAR सामा उद्धार तथा खोज तालिम प्राप्त दक्ष व्यक्ति | संख्या | ८४ | जिल्ला | ने.रे.सो. | ५५ | प्रत्येक वडामा १ जना |
| DDRT तालिम प्राप्त दक्ष व्यक्ति | संख्या | १८ | - | - | - | जोखिमयुक्त वार्डमा १ जना |
| स्वयं सेवक | संख्या | ५०० | गा.पा. र जिल्ला | ने.रे.सो. | २०० | |
| प्रारम्भिक द्रुत सर्वेक्षण समुह | संख्या | - | - | ने.रे.सो. | २०० | - |
| समुदायस्तरमा खानेपानी तथा सरसफाइ सम्बन्धि तालिम प्राप्त स्वयं सेवक | संख्या | ५० | गा.पा./ जिल्ला | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १०० | - |
| खोज तथा उद्धार सामाग्री | | - | जिल्ला | सुरक्षा निकाय | | |
| **खाद्य सामाग्री** | - | - | - | - | - | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तयारी खाना<br>चाउ चाउ<br>चिउरा<br>बिस्कुट, पानी, दालमोठ | <br>प्याकेट<br>के.जी<br>वटा | <br>५००० <br>१५,००० <br>५००० | <br><br>जिल्ला | जिल्ला विपद् ब्यबस्थापन समिति | <br>५,००० <br>४०० <br>१,५०० | ७२ घण्टा अथवा तीन दिनका लागि तयारी खानाको ब्यवस्था हुनु पर्दछ। |
| चामल,<br>दाल<br>नुन<br>तेल | मे. ट.<br>मे. ट.<br>के.जी.<br>लिटर | १<br>१००<br>३००<br>५०० | <br><br>जिल्ला | स्थानीय तह | ६००<br>१०६<br>६००<br>५५० | मुख्य खाद्य सामाग्री<br>३० दिनका लागि |
| शैक्षिक संस्थाहरु | संख्या | | गा.पा./ जिल्ला | स्थानीय तह | | |
| गैर खाद्य सामग्री | परिवार | ४५० परिवार | जिल्ला, गा.पा. | ने.रे.सो. | गैर खाद्य सामग्री ४५० परिवारका लागि | कम्तिमा १०० थान सधैं गोदाममा जम्मा हुनु पर्दछ |
| **पोषण र स्वास्थ्य** | - | - | - | - | - | - |
| स्वास्थ्य केन्द्रमा भएको औषधिको परिमाण | | कैफियतमा उल्लेख गरिएको छ। | गा.पा.र जिल्ला | स्थानीय तह | | जिल्ला स्वास्थ्य कार्यालयका अनुसार ५०० परिवारका हाल मौज्दात छ |
| Delivery kit | थान | ६० | जिल्ला, गा.पा. | स्थानीय तह | ५०० | |
| प्राथमिक उपचार बाकस | संख्या | ६८० | जिल्ला | ने.रे.सो./ स्थानीय तह | ३० | आवश्यक्ता अनुसार अझ थप्नु पर्ने। |
| स्वास्थ्य संस्था | संख्या | ६ | गा.पा.,इलाका, जिल्ला | स्थानीय तह | | |
| Hygine kits | सेट | नभएको | | | ६५० | रु.१,६५५ प्रतिसेट आवश्यक भएको। |
| चर्पीको उपलब्धता | संख्या | आवश्यकता अनुसार | गा.पा./ जिल्ला | ने.रे.सो, जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | | रु.४,५०० प्रति परिवार आवश्यक भएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **जनचेतनामुलक र सूचनाका साधनहरु** | | | | | | |
| एफ. एम. रेडियो स्टेशन | संख्या | ५ | जिल्ला | जिसस / नेपाल पत्रकार महासंघ | | - |
| हाते माइक | संख्या | १० | जिल्ला, गा.पा. | ने.रे. सो. | | - |
| टेलिफोन/ सि.डी.एम.ए. संचार पद्धति | संख्या | ५०० | स्थानीय तह र टेलिकम | जिल्ला विपद व्यवस्थापन समिति | २०० | |
| सुचना, शिक्षा तथा संचार सामाग्री | संख्या | १,००० | स्थानीय तह | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,सहरी विकास तथा भवन निर्माण विभाग डि.का नुवाकोट | ५०,००० | |
| आपतकालिन कोष | | २००००० | जिल्ला | जिल्ला विपद लब्यस्थापन समिति/ जिल्ला समन्वय समिति/स्थानीय समिति / ने.रे.सो. | २,००,००० | |
| **बन्दोवस्तीका सामग्री** | | | | | | |
| डोजर | संख्या | ५ | जिल्ला | जिल्ला विपद्ब्यस्थापन / निजी क्षेत्र | | भडादर प्रतिघण्टा रु २,५०० |
| एम्वुलेन्स | संख्या | १० | जिल्ला | ने.रे.सो.,नुवाकोट अस्पताल, भुपु सैनिक संघ, एम्बुलेन्स संचालक संस्थाहरु | | |
| स्ट्रेचर सेवा | संख्या | ८० | जिल्ला | ने.रे.सो., | ३०० | |
| गोदाम घर | संख्या | १ | जिल्ला, | नेपाल रेडक्रस सोसाइटी | | |

*नोट- स्फेयर मापदण्ड २००४ अनुसार चामल ४२० ग्राम, दाल ६० ग्राम, तेल ३० मि.लि., नुन ५ ग्राम प्रति ब्यक्ति प्रति दिन उपलब्ध हुनु पर्दछ ।*

१७ क्षेत्रगत अगुवाको नक्साङ्कन

| क्षेत्र | क्षेत्रगत अगुवा | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर | कैफियत |
|---|---|---|---|---|
| समन्वय, खोजी तथा उद्धार | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ०१०५६०३३३ | ९८५११४७७७७ |
| खाद्य तथा कृषि | स्थानीय तह | प्रमुख / कृषि इकाई प्रमुख | | |
| आपत्कालीन आश्रयस्थल | सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | डिभिजन प्रमुख | ०१०५६०१७९ | ९८४१२४१२९१ |
| आपत्कालीन Logistic समन्वय | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ०१०५६०३३३ | |
| खानेपानी स्वास्थ्य सरसफाइ | खानेपानी तथा सरसफाई डिभिजन | डिभिजन प्रमुख | ०१०५६०१६२ | |
| आपत्कालीन स्वास्थ्य पोषण | स्थानीय तह | प्रमुख / स्वास्थ्य इकाई प्रमुख | | |
| आपत्कालीन शिक्षा | स्थानीय तह | प्रमुख / शिक्षा इकाई | | |
| गैरखाद्य सामग्री | नेपाल रेडक्रस सोसाइटी | सभापति | ०१०५६०९७० | ९८४१५४८१५६ |
| आपत्कालीन संरक्षण | स्थानीय तह | प्रमुख | | |
| तत्कालीन पुर्नलाभ | स्थानीय तह | प्रमुख | | |

## १८. कार्यक्षेत्र तथा प्रमुख प्रतिकार्यका गतिबिधिहरु : प्रतिकार्य योजना

| क्षेत्रगत कार्य क्षेत्र | प्रतिकार्य गतिविधिहरु | जिम्मेवारी | कहाँ गर्ने | कहिले गर्ने | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| समन्वय, खोजी तथा उद्धार | (क)जिल्लामा उद्धार सामाग्रीहरु संकलन तथा भण्डारण<br>(ख) ती सामाग्रीहरु गा.पा.मा वितरण<br>(ग) मोबाइल उद्धार समूहको परिचालन<br>(घ)गा.पा.स्तरको सुरक्षा युनिटमा संचार सेटको ब्यवस्था | क्षेत्रगत अगुवा | जिल्ला तथा गा.पा. | ० देखि २४ घण्टा र २४ देखि ७२ घण्टा भित्र | (क) ५०,०००<br>(ख) १२,००,०००<br>(ग) ५००,०००<br>(घ) १२०,००० | २,३२०,००० |
| खाद्य तथा कृषि | (क) तयारी खाना संकलन तथा भण्डारण<br>(ख) बितरण<br>(ग) भरियाका लागि बन्दोबस्तीको ब्यबस्था<br>(घ) स्वयंसेवकहरुको यातायात तथा आवासको प्रबन्ध | क्षेत्रगत अगुवा | जिल्ला तथा गा.पा. .हरु | ० देखि २४ घण्टा र २४ देखि ७२ घण्टा भित्र | (क) १०००,०००<br>(ख) ५००,०००<br>(ग) ५००,०००<br>(घ) ४५०,००० | २,४५०,००० |
| आपत्कालीन आश्रयस्थल | क) आपतकालिन आवास र शौचालय निर्माण गर्ने | क्षेत्रगत अगुवा | प्रभावित क्षेत्र | ० देखि २४ घण्टा र २४ देखि ७२ घण्टा भित्र ३० दिन सम्म | (क) ९०००००० <br>(ख) १००००० | ९,१००,००० |
| आपत्कालीन Logistic समन्वय | जिल्लाका मुख्य क्षेत्रगत साझेदार/सहयोगी निकायहरु बीच समन्वय बैठक | क्षेत्रगत अगुवा | प्रभावित क्षेत्र | घटना पश्चात तत्काल | (क) २००,००० | ३,७००,००० |
| | बन्दोबस्तीका सामाग्रीको ब्यबस्था (डोजर, सि.डि.एम.ए.फोन, स्ट्रेचर,गोदाम आदि) | क्षेत्रगत अगुवा | जिल्ला तथा प्रभावित क्षेत्र | ० देखि २४ घण्टा र २४ देखि ७२ घण्टा भित्र ३० दिन सम्म | (क) ३५,००,००० | |
| खानेपानी स्वास्थ्य सरसफाइ | (क) लक्षित गा.पा. मा स्वास्थ्य सरसफाइ सम्वन्धि सामग्री/सेवाको प्रचार-प्रसार तथा भण्डारण<br>(ख) शुद्ध खानेपानीमा पहुँच तथा स्रोतको | क्षेत्रगत अगुवा | प्रभावित क्षेत्रमा | आपतकालीन अवस्थाका आधारमा औषधी ० देखि २४ घण्टा भित्र र अन्य सेवा २४देखि ७२ | (क) ४००,०००<br>(ख) १,५००,०००<br>(ग) २,५००,००० | ४,४००,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संरक्षणको व्यवस्था<br>(ग) आपतकालीन शिविरमा पानीको व्यवस्थापन, | | | घण्टा भित्र | | |
| आपत्कालीन स्वास्थ्य पोषण | (क) स्वास्थ्य केन्द्र तथा बितरण केन्द्रमा औषधि पठाउने<br>(ख) स्वयंसेवक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षा<br>(ग) स्वयंसेवकका लागि आवास लगायत कन्दोबस्तीका सामाग्री<br>(घ) फोहर ब्यबस्थापन<br>(ङ) जनचेतनामूलक अभियान<br>(च) मोबाइल स्वास्थ्य टोली परिचालन | क्षेत्रगत अगुवा | प्रभाबित क्षेत्र | आपतकालीन अवस्थाका आधारमा औषधी ० देखि २४ घण्टा भित्र र अन्य सेवा २४देखि ७२ घण्टा भित्र | क २,000,000<br>ख) ५००,०००<br>(ग) ३,०००,०००<br>(घ) १,५००,०००<br>(ङ) ५००,०००<br>(च) १,०००,००० | ८,५००,००० |
| आपत्कालीन शिक्षा | (क) पुस्तकहरुको संकलन तथा प्रचारप्रसार<br>(ख) स्रोतकेन्द्रमा IEC सामाग्री संकलन<br>(ग) जनचेतना तथा सचेतनामूलक गतिबिधिहरु संचालन गर्न बन्दोबस्तीका सामाग्रीको प्रबन्ध | क्षेत्रगत अगुवा | प्रभाबित गा.पाहरु | २४ देखि ७२ घण्टा भित्र ३० दिन सम्म | (क) ४००,०००<br>(ख) २००,०००<br>(ग) १,२००,००० | १,८००,००० |
| गैरखाद्य सामग्री | (क) बितरण केन्द्रमा गैह्र खाद्य सामाग्री संकलन र भण्डारण<br>(ख) आपतकालिन आवासका लागि तारपोलिनको प्रबन्ध<br>(ग) स्वयंसेवकहरुको आवासको ब्यबस्था<br>(घ) IRA तथा MIRA फर्म छपाइ र आबश्यक स्टेशनरीकको ब्यबस्था | क्षेत्रगत अगुवा | जिल्ला तथा प्रभावित क्षेत्र | ० देखि २४ घण्टा र २४ देखि ७२ घण्टा भित्र ३० दिन सम्म | (क) १,०५०,०००<br>(ख) २,२५०,०००<br>(ग) १,५००,०००<br>(घ) १,५००,००० | ४,९००,००० |
| आपत्कालीन संरक्षण | (क) शिविर ब्यबस्थापन<br>(ख) शिशुका लागि सामाग्रीको सेट<br>(ग) एक महिनाका लागि सुत्केरी सामाग्री बट्टा संकलन तथा बितरण<br>(घ) महिला स्वयंसेवकहरका लागि | क्षेत्रगत अगुवा | जिल्ला तथा प्रभावित क्षेत्र | ० देखि २४ घण्टा र २४ देखि ७२ घण्टा भित्र | (क) १,०००,०००<br>(ख) ५००,०००<br>(ग) १,५००,००० | ४,०००,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बन्दोबस्तीको व्यबस्था | | | | (घ) १,०००,००० | |
| तत्कालीन पुर्नलाभ | (क) बितरण केन्द्रमा IEC सामाग्री संकलन<br>(ख) गा.पा. स्तरीय सवयंसेवकहरुका लागि बन्दोबस्तीको प्रबन्ध<br>(ग) उद्धारको समयमा आवासको प्रबन्ध<br>(घ) समन्वयका लागि बन्दोबस्तीको प्रबन्ध<br>(ङ) पुर्नस्थापना तथा आयमुलक कार्यमा सहयोग<br>(च) सिपमुलक तालिम संचालन आवश्यकता अनुसार<br>छ)साना आपतकालिन योजना संचालन<br>ज) स्वास्थ्य, सरसफाइ, सुरक्षा सम्वन्धमा सचेतना कार्यक्रम | क्षेत्रगत अगुवा | प्रभावित क्षेत्र | ० देखि २४ घण्टा र २४ देखि ७२ घण्टा भित्र ३० दिन देखी पछि | (क) १,२००,०००<br>(ख) २,२५०,०००<br>(ग) १,३५०,०००<br>(घ) १,२००,०००<br>(ङ) ४,५००,०००<br>(च) ५००,०००<br>(छ) ३०००,०००<br>ज) २५०,००० | ६५,८२०,००० |
| जम्मा प्रस्तावित खर्च (दस करोड उन्नाईस लाख मात्र) | | | | | १००,१९०,०००। | |
| प्रति घरधुरी खर्च (जम्मा आंकलन गरिएको प्रभावित घरधुरी संख्या ९००) (एक लाख एघार हजार तीन सय बाईस रुपैया बाईस पैसा मात्र) | | | | | १११,३२२।२२ | |

| कार्य | बैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मंसीर | पौष | माघ | फाल्गुण | चैत्र | मुख्य जिम्मेवार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जोखिम क्षेत्र पहिचान गर्ने र सूचना संकलन गर्ने | ■ | | | | | | | ■ | ■ | | | | स्थानीय तह / जि.स.स. / जि.प्र.का. | |
| बैठकबाट प्रकोप पूर्वतयारी तथा प्रतिकार्य योजना स्वीकृत गर्ने | | | | | | | | | | | | ■ | जिल्ला विपद व्यवस्थापन समिति | |
| अति जोखिमयुक्त गा.पा.हरुको अवस्थाको समिक्षा को बैठक | | ■ | | | | | | | | | | | जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, | |
| खानेपानी व्यबस्था तथा सरसफाइको अवस्था पहिचान | ■ | | | | | | | | | | | | जिल्ला खानेपानी तथा सरसफाइ का. | |
| पानी शुद्धिकरणका सामाग्री तथा आबश्यक औषधिको भण्डारण | | ■ | | | | | | | | | | | जिल्ला खानेपानी सरसफाइ डिभिजन कार्यालय/स्थानीय तह | |
| सेल्टर/क्याम्पका लागि सुरक्षित स्थानको पहिचान | | | | | | | | | | ■ | | | भवन तथा आवास निर्माण, स्थानीय तह. | |
| खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धि जनचेतनामूलक गतिबिधिहरु संचालन गर्ने | ■ | ■ | | | | | | | | | | ■ | जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, स्थानीय तह | |
| खाद्य क्षेत्रको समन्वय बैठक | | ■ | | | | | | ■ | | | | | स्थानीय तह. | |
| जिल्लामा खाद्य सामाग्रीको उपलब्धताको समिक्षा | | ■ | | | | | | ■ | | | | | स्थानीय तह | |
| आकस्मिक उद्धार सामाग्री भण्डारण र सो को समिक्षा | ■ | | | | ■ | | | | | | | | जिल्ला प्रशासन कार्यालय | |
| बन्दोबस्ती व्यबस्थापन सम्बन्धि (सवारी साधन, गोदाम, एम्बुलेन्स, डोजर, आदि) समिक्षा र उपलब्धताको सुनिश्चितता | | ■ | | | | | | | | | | | जिल्ला प्रशासन कार्यालय | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बिभिन्न निकायहरुमा उपलब्ध हुन सक्ने स्वयंसेवकहरुको समिक्षा | | | | | | | | | | | | | जिल्ला विपद व्यवस्थापन समिति | |
| प्रभाबित क्षेत्रबाट सूचना संकलन गर्ने र सम्बधित निकायहरुमा जानकारी गराउने तरिका सम्बन्धि समिक्षा | | | | | | | | | | | | | स्थानीय तह, ने.रे.सो., जि.स.स. | |
| गैह्र खाद्य सामाग्रीको भण्डारण र सो को समिक्षा | | | | | | | | | | | | | ने.रे.सो. | |
| सम्भाबित प्रकोप प्रभाबित क्षेत्रमा पुग्नका लागि बैकल्पिक बाटोको पहिचान | | | | | | | | | | | | | जिल्ला प्रशासन कार्यालय, जि.स.स., सडक डिभिजन | |
| पूर्बसूचना प्रणालीको बिकास गर्ने बारे समिक्षा | | | | | | | | | | | | | जि.वि.व्य.स., जि.स.स., ने.रे.सो. | |
| योजनामा समाबेश गरिएिका प्रतिकार्य सामाग्रीहरुको प्रबन्ध गर्ने | | | | | | | | | | | | | जि.बि.ब्य.स., ने.रे.सो. | |
| संकटाभिमूख बिद्यालय तथा बालबालिकाहरुको पहिचानका साथै उनीहरुका समस्या समाधानका उपायहरु बारे समिक्षा | | | | | | | | | | | | | स्थानीय तह | |
| संकटाभिमूख महिला तथा अशक्त ब्यक्तिहरुको पहिचान तथा उनीहरुका लागि गर्न सकिने प्रतिकार्य गतिबिधिहरुको समिक्षा | | | | | | | | | | | | | स्थानीय तह, ने.रे.सो. | |
| प्रतिबेदन तयारी तथा सरोकारवालाहरुलाई बितरण | | | | | | | | | | | | | क्षेत्रगत अगुवाहरु | |
| विपद प्रतिकार्यको प्रभाव पुनरावलोकन | | | | | | | | | | | | | जिल्ला विपद व्यवस्थापन समिति | |
| २०७५ सालका लागि प्रकोप पूर्बतयारी तथा प्रतिकार्य योजनाको तयारी | | | | | | | | | | | | | जिल्ला विपद व्यवस्थापन समिति | |

## २०. कार्यान्वयन र पुनरावलोकन रणनीति

### क. विपद् प्रतिकार्य पूर्वतयारी योजना क्रियाशील हुने

यस योजना जिल्लामा विपद्को परिस्थिति सृजना हुनासाथ क्रियाशील हुनेछ । तर यस भित्र रहेका क्षेत्रगत योजनाहरु कुनै पनि विपदको सन्दर्भ जस्तै पहिरो, बाढी, आगलागी आदीमा क्रियाशील हुन सक्नेछ। यसको साथ साथै नुवाकोट जिल्लामा छुट्टै  विपद पुर्व तयारी योजना भएकोले त्यसका सूचनाहरु अन्य विपद प्रतिकार्यको लागि मार्ग दर्शक हुनेछन् ।

**ख. विपद् प्रतिकार्य पूर्वतयारी योजनाको कार्यान्वयन**

